मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



## आवश्यकता

हामी अनुभवी, ऊर्जाशील र आत्म-प्रेरित उम्मेदवारहरू खोजिरहेका छौं। तल उल्लेखित पदका लागि आवेदन खुला रहेको छ ।

| पद | सङ्ख्या | योग्यता | तलब |
|---|---|---|---|
| Marketing Manager | 2 | +2 passed 2yr exprenced | basic + commission |

**उमेर** : २५ देखि ३५ वर्ष

इच्छुक उम्मेदवारहरूले आफ्नो अद्यावधिक C.V. र प्रमाणपत्रसहित १ हप्ताभित्र आवेदन दिन सक्नुहुनेछ ।

SUBHARAMBHA
CONSTRUCTION PVT. LTD.
Dekocha, Bhaktapur, सम्पर्क :९७६७२३५७१७
Email:subharambhaconstruction@gmail.com



★ वर्ष : २७ ★ अङ्क : ३३५ ★ ने. सं. ११४६ पोहेला थ्व, तृतीया ★ मङ्गलबार ★ ८ पुस, २०८२ ★ December 23, 2025, Tuesday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


# अन्तर्राष्ट्रिय कार्यशाला आयोजनाले युवा इन्जिनियर, वैज्ञानिक, अनुसन्धानकर्ता र प्रोफेसरहरू उत्साहित हुने




भक्तपुर, ७ पुस । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्र केन्द्रीय विभाग, काठमाडौं विश्वविद्यालय स्कूल अफ साइन्स, भौतिकशास्त्र विभाग, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा भएको 'खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधिहरूमा अन्तर्राष्ट्रिय कार्यशाला २०२५' को सोमबार उद्घाटन गर्नुभयो ।

कार्यक्रममा उहाँले नेमकिपाले आफ्नो राजनीतिक प्रतिबद्धताअनुसार ख्वप शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको बताउँदै अन्तर्राष्ट्रिय कार्यशाला आयोजनाले युवा इन्जिनियर, वैज्ञानिक, अनुसन्धानकर्ता, प्रोफेसरहरू उत्साहित हुने र भौतिक विज्ञानतर्फ विद्यार्थीको आकर्षण बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपालको पाठ्यक्रम पुरानो भएका कारण धेरै युवा विद्यार्थीहरू उच्च शिक्षा अध्ययन र रोजगारीको नाममा विदेश जान बाध्य भइरहेको उहाँले बताउनुभयो ।

ख्वप इ. कलेज, ख्वप कलेज अफ इन्जिनियरिङलगायतका कलेजमा विद्यार्थी भर्ना योग्यता सूचीको आधारमा हुने बताउँदै उहाँले भन्नुभयो, "तोडफोड र आगजनी समस्याको समाधान होइन, भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ, ठुल्ठुला भ्रष्टाचारीहरूलाई ज्यानसजायको बन्दोबस्त हुनुपर्छ ।"

चीनले इमानदारीपूर्वक कोभिड भाइरसबारे सारा जनतालाई समयमै सचेत गराएको उल्लेख गर्दै उहाँले राजनीति सबै नीतिको मूल नीति भएकोले देश र जनताको नि:स्वार्थ सेवा गर्नुपर्नेमा नेमकिपाले जोड दिँदै आएको बताउनुभयो ।

फौजदारी अभियोग लागेकाहरू ठुल्ठुला पदमा पुग्ने स्थिति सिर्जनाले देशलाई कतातिर लग्दै छ भन्ने विषयमा समीक्षा हुनुपर्ने उल्लेख गर्दै उहाँले सबै प्राणीको साझा घर पृथ्वी हो, पृथ्वीलाई रक्षा गर्नु मानव जीवनको कर्तव्य भएको बताउनुभयो ।

सरकारमा गएकाहरूले देश र जनताको समस्या समाधान समयमा गर्न नसक्नु र सरकारले सम्भावित दुर्घटनाको पूर्व अनुमान गर्न नसक्दा जेनजी आन्दोलन भएको राष्ट्रिय मानव अधिकार आयोगको निष्कर्ष रहेको चर्चा गर्दै उहाँले प्रधानमन्त्री र मन्त्रीहरूले देश र जनताको समस्या समयमै गर्नुपर्छ भन्ने विषयमा नेमकिपाले सडक र सदनमार्फत आवाज उठाउँदै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले विश्वविद्यालयहरू अनुसन्धानमा केन्द्रित हुनुपर्छ भन्ने विषयलाई जोड दिँदै आइरहेको बताउँदै नगरपालिकाअन्तर्गत सञ्चालित कलेजहरूको लागि अनुसन्धान गर्न छुट्टै बजेट विनियोजन गर्दै आइरहेको बताउनुभयो ।

*बाँकी पृष्ठ ८ मा*

# स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचन गर्नु जरुरी



काठमाडौं, ७ पुस । प्रधानमन्त्री सुशीला कार्कीले प्रधानमन्त्रीको कार्यालय सिंहदरबारमा सोमबार २०८२ फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचन कानुन एवम् व्यवस्थापन सम्बन्धमा सर्वपक्षीय बैठकको आयोजना गर्नुभयो ।

बैठकमा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचन गर्नु जरुरी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "गते भदौ २३ र २४ गतेपछि राष्ट्रिय मानव अधिकार आयोगको वक्तव्यमा सरकारमा गएकाहरूले जनताको समस्या समयमा समाधान गर्न नसकेको र सम्भावित विध्वंसको पूर्वानुमान गर्न नसकेको उल्लेख गरेकोले यसबारे सम्बन्धित सबै सचेत हुनु जरुरी छ ।"

"राजनीतिक पार्टी दर्शन र वर्ग आधारमा स्थापना र सञ्चालन हुने हो; राजनीतिक पार्टी स्थापनाको उद्देश्य देश र जनताको नि:स्वार्थ सेवा गर्ने हो । यो विषय निर्वाचन आयोगको कानुनमा उल्लेख हुनु जरुरी छ", उहाँले थप्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "चुनावमा धेरै स्थान जितेको र पटक-पटक प्रम र मन्त्री भएको नै जनताको समर्थन हुने गर्दैन; राणाहरूले पनि १०४ वर्षसम्म शासन गरे तर तिनीहरूलाई जनताले रुचाएनन् । सरकारमा पुगेका प्रम र मन्त्रीहरूको दल तथा नेता फरक भए पनि ती पार्टीहरूको वैदेशिक र आर्थिक मामिला एउटै हुनु देश र जनतालाई धोका नै हो ।"

चुनाव जित्न र सरकारमा पुग्न सिद्धान्तहीन गठबन्धन गर्ने शासकहरूकै कारण देशमा अराजकता र भ्रष्टाचार बढेको स्पष्ट पार्दै उहाँले पद नपाएसम्म इमानको कुरा गर्ने र पद पाएपछि बेइमान गर्नेहरू लामो समय जेलमा बसेको दाबी गरे पनि त्यसको औचित्य पुस्टि हुनेछैन भन्नुभयो ।

उहाँले भन्नुभयो, "देश र जनताको हितविरुद्ध लागेका नेपोलियन परिवारलाई फ्रान्समा चुनावमा उठ्न नदिएको तर्फ

*बाँकी पृष्ठ २ मा*

**व्यङ्ग्यचित्र कुनो**




# सकियो तीनदिने घरेलु उत्पादन प्रवर्द्धन मेला

भक्तपुर, ७ पुस । भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आयोजना एवम् उद्योग तथा वाणिज्य कार्यालय सूर्यविनायक, भक्तपुरको सहकार्यमा पुस ३, ४ र ५ गते भक्तपुर नगरपालिका वडा नं २ स्थिति न:पुखु परिसरमा सञ्चालन भएको तीनदिने घरेलु उत्पादन प्रवर्द्धन मेला सम्पन्न भयो ।



कार्यक्रममा वाग्मती प्रदेशका सदस्य सुरेन्द्रराज गोसाईले देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको घरेलु उद्योग यहाँको संस्कृति, रीतिरिवाज, परम्परासँग पनि सम्बन्ध भएको कारण यस्ता उद्योगलाई जोगाउने मेहनती पौरखप्रति आभार व्यक्त गर्नुभयो ।

पौरखी हातहरूले सृजना गरेका वस्तु तथा सेवाहरूलाई प्रवर्द्धन गरेकोमा आयोजकप्रति धन्यवाद व्यक्त गर्दै उहाँले भक्तपुरमा प्रत्येक १५-१५ दिनमा कुनै न कुनै चाडपर्व आउने भएकोले ती चाडपर्व लक्षित गरी प्रत्येक महिना यस्ता मेला तथा महोत्सवहरूको आयोजना गर्नुपर्ने बताउनुभयो ।

उहाँले अहिले एआईको समय भए पनि मानिसहरूलाई हातैले बनाएका, व्यक्तिको परिश्रम, ज्ञान, खुबी मिसिएका सामानहरूप्रति रुचि बढ्दै गएको हुँदा घरेलु उद्यमीहरूले नआतिकन आफ्नै मेहनतलाई कायम राख्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा पूर्ववडाध्यक्ष रवीन्द्र खर्बुजाले साबिक वडा नं १५ हाल वडा नं २ मा रहेको औद्योगिक क्षेत्रलाई हस्तकला ग्राम बनाउन यहाँको स्थानीय जनताको जग्गा अधिग्रहण गरेको हुनाले यस्तै स-साना उद्योगहरू सो क्षेत्रमा राखी त्यहाँ रहेका वातावरणले असर गर्ने उद्योगहरूलाई छिट्टै स्थानान्तरण गर्नुपर्ने धारणा राख्नुभयो ।

भक्तपर नगरपालिका वडा नं २ का वडासदस्य श्यामसुन्दर माताले घरेलु उद्योगको महत्त्वबारे चर्चा गर्नुभएको थियो ।

*बाँकी पृष्ठ २ मा*


## आवश्यकता

यस कस्तुरी बचत तथा ऋण सहकारी संस्था लि.को तपसिलबमोजियका लागि कर्मचारी आवश्यकता भएको हुँदा इच्छुकले २०८२ पुस ११ गतेभित्र संस्थामा आई निवेदन दिनुहुन अनुरोध छ ।

| पद | सङ्ख्या | शैक्षिक योग्यता | तलब स्केल |
|---|---|---|---|
| बजार प्रतिनिधि | १ (एक) | साधारण लेखपढ गर्ने जान्ने | संस्थाको नियमानुसार |

**निवेदन दिने अन्तिम मिति** : २०८२/०९/११ गते

**निवेदन दिने स्थान** : संस्थाको कार्यालय, आदर्श भनपा (सिद्धि स्मृति बाल अस्पताल नजिकै)

कस्तुरी बचत तथा ऋण सहकारी संस्था लि.

भनपा-७, आदर्श, फोन नं. ०१-६६१४६३३, मधु सुदन पण्डित : ९८६०४८७३८५



**नुवाकोटको सातलले दरबारको पुनर्निर्माण**

नुवाकोटको विदुर नगरपालिका-२ मा अवस्थित ऐतिहासिक सातलले दरबारको क्षतिग्रस्त संरचना हटाउँदै प्राविधिक एंव कामदार । विसं २०७२ वैशाख १२ मा गएको भूकम्पले क्षति पुगेको दरबारको चीन सरकारको सहयोगमा चाइनिज एकेडेमी अफ कल्चरल हेरिटेजमार्फत पुनर्निर्माण भइरहेको छ । दरबारको क्षतिग्रस्त पाँचौंसम्मको तला हटाइएको छ भने बाँकी दुई तला सुरक्षित रहेकाले प्रबलीकरण थालिएको हो । *तस्बिरः रामहरि न्यौपाने/रासस*

# ख्वप साकोसमा १८ औँ वार्षिक साधारणसभा तयारी भेला

भक्तपुर, ७ पुस । ख्वप बचत तथा ऋण सहकारी संस्था लि. को १८ औँ साधारणसभा तयारीबारे आइतबार छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष राजकुमार लघुले साधारणसभा तयारीबारे जानकारी दिँदै पुस १२ गते शनिबार हुने गरिमामय साधारणसभा सफल पार्न जिम्मेवारीअनुसार काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

संस्थाका उपाध्यक्ष हरिप्रसाद बासुकलाले सहकारी संस्थाहरूले उत्पादनमुलक कार्यमा लगानी गर्न अनुरोध गर्दै जगेडा कोषको रकमले स-साना उद्योग सञ्चालन गरी रोजगारी सिर्जना गर्न अनुरोध गर्नुभयो ।

उहाँले सहकारीले कृषि क्षत्रको राम्रो बनाएको चर्चा गर्दै सहकारीमा



काम गर्ने कर्मचारी र सञ्चालकहरू पनि इमानदार र पारदर्शी भए संस्थाले छिट्टै प्रगति गर्ने र जनविश्वास बलियो हुने बताउनुभयो ।

संस्थाका सचिव अमर बासुकलाले आव २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन र भावी नीति तथा कार्यक्रमबारे जानकारी दिनुभयो ।

संस्थाका कोषाध्यक्ष लक्ष्मीनारायण सुवालले आव २०८१/२०८२ को आर्थिक प्रतिवेदन र आव २०८२/०८३ को अनुमानित आय/व्यय प्रस्तुत गर्नुभयो ।

लेखा संयोजक लक्ष्मीदास बासुकलाले लेखा समितिको प्रतिवेदनबारे जानकारी दिँदै सल्लाह सुझावको लागि अनुरोध गर्नुभएको थियो ।

कार्यक्रममा सञ्चालक समिति सदस्यहरू कृष्णप्रसाद आचार्य, राजाराम सुवाल, चण्डेश्वरी याकामीले साधारणसभा तयारीबारे आ-आफ्नो समितिको जिम्मेवारी र भइरहेको तयारीबारे जानकारी गराउनुभयो ।

प्रस्तुत प्रतिवेदनमध्ये आर्थिक प्रतिवेदन तथा आव २०८२/०८३ को अनुमानित आय/व्ययबारे अतिरिक्त क्रियाकलाप उपसमितिका अजेन्द्रकुमार लघु, शिक्षा उपसमितिका आबिसरा पनज बासुकला र सिद्धिराम सुवालले जिज्ञासा राख्नुभएको थियो ।

# शुभलाभ साकोस छालिङको १८ औँ साधारणसभा




भक्तपुर, ७ पुस । शुभ लाभ बचत तथा ऋण सहकारी संस्था लि. को १८ औँ साधारणसभा छालिङको गणेश माविमा सम्पन्न भयो ।

कार्यक्रममा स्थानीय समाजसेवी न्हुछेभक्त फोजुले नेमकिपाका कार्यकर्ताहरूले मोही किसानहरूको घर घरमा गएर किसानहरूको जोताहा हक कायम गराउन सहयोग गरेको बताउनुभयो ।

उहाँले सहकारीले उत्पादनमूलक क्षेत्रमा ऋण लगानी गर्नुपर्ने र सीपमूलक तथा आयमूलक तालिम सञ्चालन गरी तालिम लिएकालाई सुलभ दरमा ऋण प्रदान गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बचत सङ्घका सञ्चालक सदस्य राजकुमार लघुले सहकारी नियमन प्राधिकरणलगायत अन्य निकायले जारी गरेको निर्देशनले पारेको प्रभाव र सहकारी संस्था र सङ्घको हितविपरीत आएको निर्देशनको संशोधन गर्न माग गर्दै साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

गणेश माविका प्रधानाध्यापक इन्द्र फोजुले संस्थाले बालकेन्द्रित कार्यक्रम र पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सुझाव दिनुभयो ।

कार्यक्रम संस्थाका अध्यक्ष सूर्य फोजुको सभापतित्वमा सम्पन्न भएको थियो । कार्यक्रममा संस्थाका कृष्णहरि लागे र सानुमाया लागेले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा संस्थाका ज्येष्ठ सदस्य, असल बचतकर्ता, असल ऋणकर्ता र एसईई उत्तीर्ण सदस्यहरूलाई सम्मान र मायाको चिनो प्रदान गरिएको थियो ।

# नबिल बैङ्कले चीनमा त्रिशुली जलविद्युत्सम्बन्धी मुद्दा जित्यो

काठमाडौँ, ७ पुस । नबिल बैङ्क लिमिटेडले त्रिशूली जलविद्युत् कम्पनी लिमिटेड आयोजनाको काउन्टर ग्यारेन्टीसम्बन्धी मुद्दामा चिनियाँ अदालतमा सफलता हात पारेको छ ।

चीनको चोङछिङ हाइयर पिपुल्स अदालतले नबिल बैङ्कको पक्षमा फैसला गरेसँगै चारवटा बैङ्क ग्यारेन्टीबापत ७४ लाख ४९ हजार ३८६.३२ अमेरिकी डलरबराबरको रकम प्राप्त गरेको नबिल बैङ्कले जनाएको छ ।

चिनियाँ निर्माण कम्पनी सुइफा एएनएचई ग्रुपसँग त्रिशूली थ्रीबी आयोजनाले ठेक्का तोडेपछि चिनियाँ बैङ्क चाइना एभरब्राइट बैङ्क, छेन्दु शाखाले काउन्टर ग्यारेन्टीबापतको रकम भुक्तानी गर्न अस्वीकार गरेको थियो ।

नबिलले बैङ्क ग्यारेन्टी भुक्तानीका लागि सन् २०२३ डिसेम्बर १ मा आह्वानपत्र प्राप्त गरेको थियो । त्यसपछि बैङ्कले चाइना एभरब्राइट बैङ्कलाई स्वीफ्ट सन्देशमार्फत जानकारी गराएको थियो । तर सन् २०२३ डिसेम्बर १० मा उक्त बैङ्कले छेन्दु फाइनान्सियल अदालतबाट जारी भएको निषेधाज्ञा आदेशका कारण काउन्टर ग्यारेन्टीअन्तर्गतको रकम भुक्तानी गर्न असमर्थ रहेको जानकारी गराएको थियो ।

नबिल बैङ्कले भने दायित्वअनुसार त्रिशूली जलविद्युत् कम्पनीलाई बैङ्क ग्यारेन्टीबापतको रकम भुक्तानी गरिसकेको थियो । त्यहाँको अदालतले सन् २०२४ जनवरी १७ मा नबिल बैङ्कको पक्षमा फैसला सुनाएको थियो ।

उक्त फैसलाविरुद्ध सुइफा आन्हे ग्रुप कम्पनीले चोङछिङ हाइयर पिपुल्स कोर्टमा पुनरावदेन दायर गरेको थियो । उक्त मुद्दामा सन् २०२५ सेप्टेम्बर २३ मा अदालतले नबिल बैङ्कको पक्षमा फैसला गरेको थियो ।

त्रिशूली जलविद्युत् कम्पनीले आयोजनाको निर्माण तीन वर्षमा सक्नेगरी सुइफा आन्हे ग्रुप कम्पनीसँग २०७४ साल फागुन ३० गते ठेक्का सम्झौता गरेको थियो । तर निर्धारित समयमा निर्माण कम्पनीले काम नगरेपछि त्रिशूली जलविद्युत् कम्पनीले २०८० साल मङ्सिर ३० गते ठेक्का सम्झौता रद्द गर्दै बैङ्क ग्यारेन्टी जफत गरेको थियो । ***(रासस)***

***स्वच्छ...***

शासक दलहरू सचेत हुनु आवश्यक छ ।”

सचिव सुवालले भन्नुभयो, “संविधानविपरीत निर्वाचन ऐन, नियम र निर्देशिका जारी गर्नु हुँदैन; १६ वर्ष पुगेका नेपालीले नागरिकता प्रमाणपत्र पाउने, जागिर र सम्पत्तिको हक पाउने हुँदा मतदानको अधिकार पनि पाउनु जरुरी छ ।”

खुला सिमाना भएका जिल्लाहरूमा निर्वाचनको लागि उम्मेदवार मनोनयन पत्र दर्ताको दिनदेखि नतिजा प्रकाशित नभएसम्म विदेशी नम्बर प्लेटका गाडी सञ्चालन बन्द गराउनु जरुरी भएको उहाँले उल्लेख गर्नुभयो ।

सचिव सुवालले भन्नुभयो, “कतिपय देशमा फौजदारी अभियोग लागेका, पैसा र सामान बाँडेका उम्मेदवारहरू निर्वाचनमा जितेको सार्वजनिक भइरहेको छ । नेपालमा पनि त्यस्तो सम्भावना बढ्दो छ; यसतर्फ निर्वाचन सरकारको ध्यान जान आवश्यक छ । निर्वाचन आयोगलाई आवश्यक बजेट र जनशक्ति सरकारले उपलब्ध गराउनु जरुरी छ । आयोगलाई सोझै विदेशीसँग भेटघाट र सहयोग लिन नपर्ने गरी सरकारले बन्दोबस्त गर्नु जरुरी छ ।”

देशको सन्तुलित विकास गरिए र देशभित्र रोजगारीको व्यवस्था भए निर्वाचन क्षेत्र र देश बाहिर बसेकालाई मतदान गराउने अलग कानुनी व्यवस्था गर्न नपर्ने उल्लेख गर्दै सचिव सुवालले विप्रेषणको भरमा देश आत्मनिर्भर नहुने बताउनुभयो ।

बैठकमा प्रधानमन्त्री सुशीला कार्कीले सबै दलको चाहना फागुन २१ गते नै निर्वाचन गर्ने हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, “केही दल अदालतमा पनि पुगेका छन्; ६ महिनाभित्र चुनाव सम्पन्न गर्नु संविधानसम्मत हो ।”

देशको सर्वेसर्वा जनता नै भएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले सरकारमा गएका दलहरूको भागबन्डा नमिलेकै कारण जनता प्रताडित हुनुपर्ने स्थिति आउन नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो, “हिजो सरकारमा गएका दलहरूले मनोरञ्जन गरेर बिताए; यो कसैप्रति आक्षेप लगाएको होइन । सबैलाई निर्वाचनमा ल्याउने प्रयास भइरहेको छ । एक आपसमा रिस पोख्दा बङ्गलादेश जस्तो वा मुलुक नरहने अवस्था हुनेतर्फ सचेत हुनु जरुरी छ ।”

निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आयोगले राजनीतिक दल फुटाउने काम नगरेको बरु राजनीतिक दलहरू आफै फुटेर आएको बताउँदै नेमकिपाबाहेक अधिकांश दलहरू टुटफुट भएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “निर्वाचनसम्बन्धी कानुन समयमा नआए निर्वाचन सम्पन्न गर्न आयोगलाई कठिन हुनेछ । विदेशमा बसेका नेपालीलाई मतदान गराउने, नेपालभित्रै निर्वाचन क्षेत्र बाहिर बस्नेलाई मतदान गराउने र कसैलाई पनि मत नदिनेलगायत सर्वोच्च अदालतको २०७४ सालको निर्देशनअनुसार तत्तत् निकायबाट कार्य सम्पादन नभएको हो ।”

निर्वाचन आयोगका पूर्वप्रमुख आयुक्त सूर्यप्रसाद श्रेष्ठले सर्वोच्च अदालतको निर्देशनअनुसार विदेशमा बसेकालाई मतदान गराउने र निर्वाचन क्षेत्र बाहिर बसेकालाई मतदान गराउने कानुनी व्यवस्था फागुन २१ गतेको चुनावको लागि सम्भव नहुने धारणा राख्नुभयो ।

कानुन आयोगका पूर्वअध्यक्ष माधव पौडेलले कसैलाई ‘मत नदिने पक्षमा’ ५० प्रतिशतभन्दा बढी भएमा के गर्ने ? भन्ने जस्ता विषयमा राम्रो अध्ययन नगरी यो व्यवस्था राख्न नहुने धारणा राख्नुभयो ।

पत्रकार कनकमणि दीक्षितले चुनावपछिको संसद्ले संविधान संशोधन गर्नु उपयुक्त हुने धारणा राख्दै भदौ २३ र २४ गतेको घटनाबारे चुनावी सरकारले अनुसन्धान पूरा गर्नुपर्नेमा जोड दिनुभयो ।

संविधानसभा सदस्य राधेश्याम अधिकारीले निर्वाचनको मिति घोषणा भइसकेपछि निर्वाचनसम्बन्धी ऐन संशोधन गर्नु उपयुक्त नहुने धारणा राख्नुभयो ।

पूर्वसचिव विद्याधर मल्लिकले जेन-जीसँग गरेको सम्झौताका विषयलाई अल्पकालीन र दीर्घकालीन रूपमा पूरा गरिनुपर्ने बताउनुभयो ।

सरू जोशीले अस्ट्रेलियामा कसैलाई भोट नहाल्ने व्यवस्था होइन, भोट हाल्नैपर्ने अधिकारको रूपमा राखिएको र फिलिपिन्सले जहाँ बसे पनि जनताले भोट हाल्न पाउने व्यवस्था गरेको बताउनुभयो ।

बैठकमा नेपाली काङ्ग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टी, रास्वपा, राप्रपा, जनमत, सङ्घीय समाजवादी पार्टी नेपाल, लोसपा, नागरिक उन्मुक्ति पार्टी, देश विकास पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, सङ्घीय समाजवादी पार्टीका प्रतिनिधिहरूको सहभागिता थियो ।

बैठकमा जेन-जीका दुई प्रतिनिधिले बोलेका थिए ।

कुलमान घिसिङबाहेक सबै मन्त्रीहरू सहभागी भएको उक्त बैठकमा प्रधान सेनापति, आईजीपी, प्रहरी महानगर निरीक्षक, मन्त्रालयका सचिव आदिको उपस्थिति थियो ।

सभाको अन्त्यपछि शिक्षामन्त्री महावीर पुनले जेन-जीको माग सम्बोधन नभएको भनी गुनासो पोख्नुभयो ।

***सकियो...***

कार्यक्रममा सहभागी सम्पूर्ण उद्यमी व्यवसायीलाई अतिथि सुरेन्द्रराज गोसाईले प्रमाणपत्र वितरण गर्नुभएको थियो । स्टलहरूमध्ये स्टल सजावट, रैथाने उत्पादन, दिगोपन र व्यापारको हिसाबले उत्कृष्ट स्थलको नतिजा छनोट समितिका सदस्य सोम तामाङले घोषणा गर्नुभई उत्कृष्ट स्टल हुन सफल माउन्टन लप्सि क्यान्डि र कार्यविनायक ह्यान्डिक्राफ्टलाई अतिथि गोसाईले सम्मान गर्नुभएको थियो ।

सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठको सभापतित्वमा भएको सो समापन कार्यक्रममा घरेलु उत्पादन प्रवर्द्धन मेला सफल पार्न सहयोग गर्ने सहयोगी हातहरूलाई मायाको चिनो वितरण गर्नुभएको थियो । संयोजक हरिगोपाल त्वायनाले मेला सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष एवम् अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्णमा धन्यवाद व्यक्त गर्नुभएको थियो भने सङ्घका सचिव सृजना कक्षपतिले मेलाको औचित्यमाथि प्रकाश पार्नुभएको थियो ।

सो मेला भक्तपुर जिल्लाको चारैवटा नगरपालिकाको साथै काभ्रे, कीर्तिपुर, गोठाटार, लाजिम्पाट, लुभु, कार्यविनायकलगायत विभिन्न क्षेत्रका घरेलु तथा साना उद्योगका ४७ वटा तथा नेवारी खाजालगायत अन्य खाजाका परिकारका ३ वटा गरी जम्मा ५० उद्यमीको ४५ स्थल रहेको थियो । उद्योग तथा वाणिज्य कार्यालयबाट तालिम प्राप्त प्रशिक्षार्थीहरूले तयार गरेको वस्तुहरूको १ स्टल गरी जम्मा ४६ वटा स्थल रहेको मेलामा करिब ५० हजारभन्दा बढीले अवलोकन गर्नुका साथै करिब ५० लाखको व्यापार भएको अनुमान गरिएको थियो ।

### विश्व सङ्क्षेप

## धनुषामा एक अस्पतालसहित चार वटा औषधि पसललाई कारबाही

जनकपुरधाम, ७ पुस । सरकारले तोकेको मापदण्डविपरीत अवैध रूपमा, दर्ता नगरी सञ्चालित एक अस्पतालसहित चार वटा औषधि पसललाई कारबाही प्रक्रिया अगाडि बढाइएको छ । औषधि व्यवस्था विभाग वीरगञ्ज कार्यालयले जनकपुरधामसहित धनुषामा गरेको अनुगमन तथा छड्केमा सरकारले तोकेको मापदण्डअनुसार सञ्चालनमा नरहेका पाइएपछि अस्पताल तथा औषधि पसललाई सिल गरी कारोबार रोक्का गरिएको कार्यालयले जनाएको छ ।

कार्यालय प्रमुख शम्भु साहका अनुसार जनकपुरको रामानन्द चौकमा सञ्चालित जनकपुर सुरक्षा अस्पताल तथा फार्मेसी, प्रशान्त मेडिकल हल बजरङ्ग चौक, राघव सजिर्कल पसल माछा बजार र कम्युनिटी सभिर्स अस्पताल वीरेन्द्र बजारलाई सिल गरिएको हो । कार्यालयले निजी अस्पतालसहित कूल दुई दर्जन औषधि पसलको अनुगमन गरेको थियो । जसमध्ये ११ वटा औषधि पसलमा फर्मासिस्ट नरहेको तथा आफूखुसी औषधि बिक्रीवितरण गरेको पाइएपछि पहिलोपटकलाई चेतावनी दिइएको प्रमुख साहले बताउनुभयो ।

## कुटपिट गरी हत्या गर्ने मानिस नियन्त्रणमा

भक्तपुर, ७ पुस । भक्तपुर नगरपालिका वडा नं. ३ वंशगोपाल देगमनास्थित निर्माणाधीन साढे ३ तले घरमा ज्यामी काम गरी भुइँतलामा बस्ने उदयपुर घर भएको अन्दाजी वर्ष ३४ को पूर्ण ठकुरी पुस ७ गते बिहान ७:२० बजे मृतक अवस्थामा फेला परेको जिल्ला प्रहरी परिसरले जनाएको छ ।

जिल्ला प्रहरी परिसर भक्तपुरबाट अनुसन्धान अधिकृतसहितको प्रहरी टोलीले प्रारम्भिक अनुसन्धान गर्दा निजसँग काम गर्ने धनकुटा सागुरीगढी गाउँपालिका वडा नं. ३ घर भई सोही घरमा ज्यामी काम गरी बस्ने वर्ष २७ को सञ्जीव याखाले पुस ६ गते राति कुटपिट गरी हत्या गरेको खुल्न आएकोले निजलाई पुस ७ गते ८:०० बजे भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीबाट नियन्त्रणमा लिएको हो । मृतक लासलाई पोसमार्टमको लागि काठमाडौँ मेडिकल कलेज दुवाकोट, भक्तपुर लगेको र घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको परिसरले जनाएको छ ।

## दुई रेस्टुरेन्टलाई ५० हजारको दरले जरिवाना

काठमाडौँ, ७ पुस । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दुई वटा उद्योग तथा फर्मलाई रु. ५० हजारको दरले जरिवाना गरेको छ ।

उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार उत्पादकले प्रत्येक वस्तुको कारखाना मूल्य तथा बिक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्यसूची राख्नुपर्ने व्यवस्था छ । उद्योग दर्ताको प्रमाणपत्र तथा व्यवसायको हकमा व्यवसाय दर्ता, इजाजतपत्र बिक्रीस्थलमा सर्वसाधारणले देख्ने गरी राख्नुपर्ने व्यवस्था छ ।

सोही व्यवस्था पालना नगरेको भन्दै विभागले प्रिया स्वीट एण्ड चाट हाउस काठमाडौँ महानगरपालिका-३ महाराजगञ्ज र आई क्याफे रेष्टुरेन्ट एण्ड बार टोखालाई रु. ५० हजारको दरले जरिवाना गरेको हो ।

त्यसैगरी विभागले अन्य १४ वटा फर्मको अनुमगन गरी, निर्देशनात्मक कारवाही गरेको छ । विभागले पछिल्ला दिनमा बजार अनुमगनलाई तीव्र पारेको छ । बजारलाई स्वच्छ बनाउन, कालोबजारीको नियन्त्रण गर्न तथा अखाद्य वस्तुको बिक्री वितरणमा रोक लगाउन क्रियाशील भएको जनाएको छ । *(रासस)*

## मधेश प्रदेशसभाका नवनियुक्त सभामुख यादवद्वारा पदभार ग्रहण

महेन्द्रनगर (धनुषा), ७ पुस । मधेस प्रदेशसभाका नवनियुक्त सभामुख रामअशीष यादवले सोमबार पदभार ग्रहण गर्नुभएको छ । जनकपुरधामस्थित प्रदेशसभा कार्यालयमा पदभार ग्रहण गर्दै उहाँले आफू कुनै दलको प्रतिनिधि नभई सम्पूर्ण प्रदेशसभाको साझा अभिभावकका रूपमा निष्पक्ष भूमिका निर्वाह गर्ने बताउनुभयो ।

सभामुख यादवले राजनीतिक दलहरूबिच संवाद र सहकार्यलाई बढावा दिने समेत बताउनुभयो । "मतभेद स्वाभाविक हो । तर, सहकार्य अपरिहार्य छ", उहाँले भन्नुभयो । प्रदेशको हितका लागि सबै दलसँग समन्वय गर्दै अघि बढ्ने उहाँको भनाइ थियो ।

मधेसका मुद्दा समावेशिता, सुशासन, शिक्षा र स्वास्थ्यको पहुँच, रोजगारी सिर्जना र सीमावर्ती क्षेत्रका चुनौतीलाई संसदीय कार्यसूचीमा प्राथमिकताका साथ उठाइने उहाँले उल्लेख गर्नुभयो ।

प्रदेशसभाले कार्यपालिकामाथि प्रभावकारी निगरानी कायम गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले बजेट कार्यान्वयन, सार्वजनिक खर्चको पारदर्शिता र सेवाप्रवाहको गुणस्तरमा सुधारका विषयमा संसद् सशक्त हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

सभामुख यादवले प्रदेशसभालाई लोकतान्त्रिक मूल्य-मान्यताअनुसार प्रभावकारी, उत्तरदायी र मर्यादित रूपमा सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त समेत गर्नुभएको छ । "सभामुखको कुर्सी राजनीतिक आग्रह पूर्वाग्रहभन्दा माथि हुन्छ, संविधान, कानुन र संसदीय नियमावलीको पूर्ण पालना गराउँदै सभालाई जनउत्तरदायी बनाउने मेरो दायित्व रहनेछ", उहाँले भन्नुभयो ।

सभामा अनुशासन, समयपालन र स्वस्थ बहस संस्कृतिलाई संस्थागत गर्न आफू दृढ रहेको उल्लेख गर्दै सांसदहरूलाई रचनात्मक भूमिका निर्वाह गर्न आग्रह समेत गर्नुभएको हो । समितिहरूलाई सक्रिय बनाउँदै विधेयकहरूमा गहिरो छलफल, संशोधन र सहमति निर्माणमा सभामुखको भूमिकालाई प्रभावकारी बनाइने उहाँको भनाइ छ । *(रासस)*



बाँकेको डुडुवा गाउँपालिका-४ सिधिनियास्थित राप्ती नदीको बगरमा १ बिघा जग्गामा उत्पादन गरिएको सखरखण्ड बजार पठाउन 'प्याकिङ' गर्दै किसान ।
*तस्बिर : रूपनी जि एम/रासस*

## काजिनसारा तालको प्राविधिक तथा वैज्ञानिक अध्ययन गरिँदै

मनाङ, ७ पुस । जिल्लाको चामे गाउँपालिका-४ सिङ्गरखर्कमा नयाँ 'काजिनसारा ताल' फेला परेको छ । योसँगै गाउँपालिकाले मौसम अनुकूल अवधिमा दोस्रो चरणको प्राविधिक तथा वैज्ञानिक सर्वेक्षण सञ्चालन गर्ने तयारी गरेको हो ।

सरोकार भएका निकायको सहभागितामा उक्त सर्वेक्षण गरिने गाउँपालिका कार्यालयले जनाएको छ । सर्वेक्षणमा भूउपग्रह मापन, जलविज्ञान परीक्षण, वातावरणीय जोखिम मूल्याङ्कन तथा अध्ययन गर्ने तयारी गरिएको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले जानकारी दिनुभयो । सर्वेक्षणपछि संरक्षण, विपद् न्यूनीकरण तथा स्थानीय समुदायसँगको समन्वयमा दीर्घकालीन व्यवस्थापनका योजना लागु गर्ने उद्देश्यले अध्ययन गरिने उहाँले बताउनुभयो ।

प्रारम्भिक मापन सार्वजनिक भएपछि यसलाई विश्वकै सबैभन्दा उचाइमा अवस्थित ठुलो तालका रूपमा स्थापित गर्न सकिने सम्भावना भएकाले राष्ट्रियस्तरमै सर्वेक्षण प्रक्रिया अघि बढाइएको अध्यक्ष घलेले उल्लेख गर्नुभयो ।

स्थानीय बासिन्दा तथा गोठालाले दिएका जानकारीका आधारमा चामे गाउँपालिका, नेपाल प्रहरी र स्थानीय प्रतिनिधि तथा तत्कालीन प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुङ्गेलसहितको संयुक्त टोलीले उक्त तालको सतह समुद्री सतहबाट करिब पाँच हजार २०० मिटरमा रहेको प्रारम्भिक अनुमान गरिएको अध्यक्ष घलेले बताउनुभयो ।

"तालको विस्तृत अध्ययन आवश्यक छ । यदि सबैभन्दा अग्लो स्थानमा भएको पुष्टि भएमा विश्वमा प्रचारप्रसारका साथै दाबी गर्ने योजना बनाउनुपर्ने हुन्छ । यसलाई आधिकारिक



रूपमा पुष्टि गर्ने तयारीमा हामीले कदम चाल्नेका छौँ", अध्यक्ष घलेले भन्नुभयो ।

टोलीका अनुसार ताल अत्यन्तै दुर्गम क्षेत्रमा हिमाली भू-भागको बिचमा अवस्थित छ । पहुँचमार्ग कठोर, मौसम, उचाइ र जोखिमपूर्ण भौगोलिक संरचनाका कारण तालसम्म पुग्न कठिन भए पनि प्राप्त प्रारम्भिक विवरणले काजिनसारा ताललाई मनाङको मात्र नभई देशकै महत्त्वपूर्ण प्राकृतिक सम्पदाका रूपमा प्रचारप्रसार गर्नुपर्ने उहाँले बताउनुभयो ।

तालको उचाइ, क्षेत्रफल तथा गहिराइको औपचारिक वैज्ञानिक प्रमाणीकरण भने अझै बाँकी रहेको गाउँपालिकाले जनाएको छ । काजिनसारा तालले मनाङको पर्यटन क्षेत्रमा नयाँ अध्याय थप्ने विश्वास पालिका अध्यक्ष घलेले व्यक्त गर्नुभयो । उहाँका अनुसार तालसम्म सुरक्षित पदमार्ग निर्माण, आवतजावतका वैकल्पिक मार्ग पहिचान, पर्यटकमैत्री पूर्वाधार विकास तथा वातावरण संरक्षणलाई प्राथमिकता दिएर दीर्घकालीन योजना तयार पार्ने काम भइरहेको छ ।

अध्यक्ष घलेले सो क्षेत्र जैविक तथा भौगोलिक रूपमा संवेदनशील भएकाले योजनाबद्ध विकासमा पर्यावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य हुने बताउनुभयो । "स्थानीय गोठाला सिङ्गरखर्क क्षेत्रका पहाड र चौरमा चौँरी, भेडाच्याङ्ग्रा चराउन जाँदा टाढाबाट निलो जलाशयको दृश्य देख्ने गरेको बताउँदै आएका थिए", उहाँले भन्नुभयो, "उनीहरूको सूचनालाई आधार मानेर चामे गाउँपालिकाले विसं २०७८ मा सुरुआत गरेको अन्वेषणका क्रममा तालको लम्बाइ करिब एक किलोमिटर र चौडाइ करिब ६०० मिटर रहेको अनुमान गरिएको छ ।"

ताल मापन गर्ने उद्देश्यले तत्कालीन प्रमुख जिल्ला अधिकारी ढुङ्गेल हेलिकोप्टरमार्फत त्यसतर्फ सर्वेक्षणमा पुग्नुभएको थियो । अध्यक्ष घलेका अनुसार तालको गहिराइको मापन हालसम्म उपलब्ध भएको छैन । प्रारम्भिक प्रतिवेदनमा ताललाई हिम नदीको जलस्रोतबाट बनेको उच्च हिमाली 'ग्लेसियर' (हिउँ र बरफबाट बनेको नदी) का रूपमा उल्लेख गरिएको उहाँले जानकारी दिनुभयो ।

ताल अवस्थित क्षेत्र चारैतिर प्रसिद्ध हिमशृङ्खलाले घेरेको प्राकृतिक महत्त्वपूर्ण क्षेत्र हो । पूर्वमा मनास्लु हिमाल, दक्षिणमा अन्नपूर्ण र लमजुङ हिमाल, पश्चिममा दामोदर हिमाल र उत्तरतर्फ तिब्बतस्थित पेरी हिमाल पर्ने हुँदा दृश्यावलोकनका दृष्टिले काजिनसारा ताल अत्यन्त आकर्षक छ । स्थानीय पर्यटन व्यवसायीका अनुसार यस ताललाई तिलिचो ताल, अन्नपूर्ण पदमार्ग तथा नार-फू क्षेत्रसँग समन्वय गरी पर्यटकीय सम्भावनाको रूपमा विकास गर्न सकिने देखिएको छ ।

हाल विश्वकै उच्च स्थानमा अवस्थित तिलिचो ताललाई चुनौती दिने तालका रूपमा काजिनसारा ताल रहेको छ । तिलिचो ताल (४,९१९ मिटर) भन्दा काजिनसारा ताल करिब ३०० मिटरमाथि रहेको प्रारम्भिक मापनले देखाएको छ । भौगोलिक उत्थान, हिमनदीको विस्तार तथा जलस्रोतको क्रमिक परिवर्तनका कारण विगतमा पहिचान गर्न नसकिएका उच्च हिमताल भेटिनु स्वाभाविक रहेको विज्ञहरूको भनाइ छ ।

नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोञ्जो तेन्जिङ लामाले नेपालकै अग्लो स्थानमा रहेको गाउँपालिका नार्पाभूमि भए पनि आधिकारिक रूपमा नापी विभागको अध्ययन टोलीले मापन नगरेको अवस्थामा काजिनसाराको विषयमा यसै भन्न नसकिने बताउनुभयो । काजिनसारा विश्वकै अग्लो स्थानमा पर्ने तालको सूचीमा रहनु सबै मनाङीका लागि खुसी तथा गौरवको विषय बन्ने उहाँको भनाइ छ ।

यस तालको विषयमा अध्ययन तथा सर्वेक्षणमा सरकारको चासो हुनुपर्ने स्थानीयको भनाइ छ । यस तालको अध्ययन तथा सर्वेक्षण एवं मान्यताले पूर्ण भएमा नेपालले कजिनसारा ताल विश्वकै अग्लो स्थानमा अवस्थित भनेर दाबी गर्नुपर्ने देखिन्छ । *(रासस)*

## यस्तो छ आयोगले तोकेको समानुपातिकतर्फ समावेशी समूहको प्रतिशत

काठमाडौँ, ७ पुस । राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि उम्मेद्वारको बन्द सूची पेस गर्दा बढीमा ११० र कम्तीमा ११ जनाको नाम सूचीकृत गर्नुपर्ने भएको छ ।

आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन हुँदैछ । प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०८२ ले गरेको व्यवस्था बमोजिम राजनीतिक दलले उम्मेद्वारको बन्द सूची पेस गर्दा नयाँ व्यवस्थाअनुसार गर्नुपर्ने आयोगले जनाएको छ ।

दलित, आदिवासी, जनजाती, खस आर्य, मधेसी, थारु र मुस्लिमको जनसङ्ख्या प्रतिशतको आधारमा सूची पेस गर्नुपर्नेछ । राष्ट्रिय जनगणना, २०७८ को विवरणका आधारमा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची १ मा आवश्यक संशोधन गरिएको थियो ।

पछिल्लो कानुनी प्रबन्धअनुसार, दलित १३ दशमलव ४४ प्रतिशत, आदिवासी जनजाति २८ दशमलव ७२ प्रतिशत, खस आर्य ३० दशमलव २८ प्रतिशत, मधेसी १६ दशमलव १५ प्रतिशत, थारु छ दशमलव ५२ प्रतिशत र मुस्लिम चार दशमलव ८९ प्रतिशत हुने गरी उम्मेद्वारको नाम समावेश गर्नुपर्नेछ ।

बन्दसूचीमा प्रत्येक समावेशी समूहबाट कम्तीमा ५० प्रतिशत महिलाको नाम समावेश गर्नुपर्नेछ । कूल ५० प्रतिशत सिट सङ्ख्या निर्धारण गर्दा नाम समावेश गर्नुपर्ने महिलाको सङ्ख्या दशमलवमा आएमा सोभन्दा माथिको पूर्ण सङ्ख्यामा नाम समावेश गर्नुपर्नेछ ।

उम्मेद्वारको नाम सूचीकृत गर्दा कम्तीमा चार दशमलव तीन प्रतिशत पिछडिएका क्षेत्रका उम्मेद्वारको नाम समावेश गर्नुपर्नेछ । यसैगरी अपाङ्गता भएका व्यक्तिको नाम उल्लेख गरेको हुनुपर्नेछ । बन्दसूची आयोगमा पेस गर्दा सम्बन्धित दलको केन्द्रीय समितिले स्वीकृत गरी सो निर्णयको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्ने जनाइएको । सूचीमा रहेका प्रत्येक उम्मेद्वारको नेपाली नागरिकताको प्रमाणपत्र वा मतदाता परिचयपत्रको प्रतिलिपि र मतदाता नामावलीमा नाम समावेश भएको निस्सा पनि पेस गर्नुपर्नेछ ।

समानुपातिक उम्मेद्वारको बन्द सूची पेस गर्दा उम्मेद्वारको योग्यता निर्धारण गरिएको छ । त्यसमा नेपालको नागरिक हुनुपर्ने, कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम नामावलीमा नाम समावेश भएको, २५ वर्ष उमेर पूरा भएको, कुनै सङ्घीय कानुनले अयोग्य नभएको र कुनै लाभको पदमा बहाल नरहेको हुनुपर्नेछ ।

समानुपातिक निर्वचन प्रणालीका लागि आवेदन दिएका दलले यही पुस १३ र १४ गते बिहान १० बजेदेखि अपराह्न ४ बजेसम्म उम्मेद्वारको बन्दसूची पेस गर्नुपर्ने समय सीमा तोकिएको छ । *(रासस)*

। सम्पादकीय ।

# युवाहरू सिद्धान्त र विचारसित भिजेको हुनुपर्छ

युवाहरू समाजका सबभन्दा बढी सक्रिय र जिउँदा शक्ति हुन् । देश निर्माणमा युवाहरूको जनशक्ति अति आवश्यक छ । देशको निम्ति चाहिने युवा शक्ति नै बिदेसिएपछि देश निर्माणमा समस्या हुनु स्वाभाविक हो । उनीहरू सिक्न र जान्न बढी रुचि राख्छन् । उनीहरूमा रुढिवादी धारणा हुँदैन । उनीहरू अन्धविश्वासमा भर पर्दैनन् । उनीहरूमा बल र सामर्थ्य रहेको हुन्छ । समाज परिवर्तनमा युवाहरूको ठुलो हात हुन्छ । देश विकास योजनामा बढी संलग्न हुने व्यक्ति नै युवाहरू हुन् । निर्माण कार्यमा उनीहरूको भूमिका हुन्छ । युवाहरूमा जोश जाँगर हुन्छ; काम गर्ने अभिरुचि हुन्छ । तर, उनीहरूमा जोश जाँगरमात्र होइन सिद्धान्त र विचारबाट भिज्नु आवश्यक छ । सिद्धान्तनिष्ठ युवाहरू साँघुरा या सङ्कीर्ण विचारका हुँदैनन् । उनीहरू आस्थाको राजनीति गर्छन् । आस्थाको राजनीति गर्ने युवाहरू निरास हुँदैनन्; आफ्नो सामु आइपर्ने बाधा, अड्चन पार गर्दै उनीहरू अघि बढ्छन् ।

युवाहरू साहसिला र आँटिला हुन्छन् । उनीहरू काम गर्न पछि हट्दैनन् । तर, उनीहरूको निम्ति मार्गनिर्देश गरिरहनुपर्छ । सिद्धान्त र विचारले भिजेका युवाहरू लोभलालचमा फस्दैनन्; अरुको लहैलहैमा लाग्दैनन्; मिठा मिठा र आकर्षक कुरामा भुल्दैनन् । आफ्नो उद्देश्य पूरा गर्न उनीहरू दृढतापूर्वक लाग्छन् । चीनका नेता माओ त्सेतुङले एक प्रवचनमा भनेका थिए, "संसार तिमीहरूको हो; हाम्रो पनि हो तर अन्तिम विश्लेषणमा तिमीहरूकै हो । शक्ति र चेतनापूर्ण तिमी युवकहरू बिहान आठ नौ बजेको सूर्यझैं जीवनको फक्रँदो बेलामा छौ । हाम्रो आशा तिमीहरूमै रहेको छ ।" देशको चौतर्फी विकासको निम्ति सरकारले जुझारु युवा तयार गर्नुपर्छ । देशका जुझारु युवालाई स्वदेशमै काम दिने व्यवस्था गर्नुपर्छ । काम-मामको व्यवस्था गर्ने वातावरण सरकारले तयार गर्नुपर्छ । युवाहरूलाई कुनै न कुनै विषयमा सक्षम र दक्ष बनाउन सकियो भने उनीहरूको जीवनको जोहो गर्न कठिनाइ हुँदैन ।

तर, देशका अधिकांश युवाहरू बिदेसिँदै छन् । उनीहरू कुनै न कुनै कामको खोजीमा बिदेसिरहेका छन् । आफ्नो श्रम, सीप र समय विदेशमा पोखेर नेपाल र नेपालीलाई सङ्कटको घडीमा पुर्‍याउने वातावरण सरकारले तयारी गरिरहेको छ । सरकारले देशमा रोजगारीको व्यवस्था गर्न नसक्दा युवाहरू दिन प्रतिदिन विदेश छिरिरहेका छन् । बाध्य भएर विदेश छिरेका कति युवाहरू निरास भएर फर्किरहेका छन्; कति विदेशमै विभिन्न कारण फसिरहेका छन् । कति युवाहरू भोकभोकै परेका छन् भने कति म्यानपावर कम्पनीले धोका दियो भनी प्रायश्चित गर्दै छन् त कतिको देशमा लास भित्रिरहेको छ । युवाहरूको यस्तो हालतले सरकारले देश बनाउन सक्ला ?

युवाहरूमा साम्राज्यवादविरोधी भावना हुनुपर्छ । कुनै पनि देशले गर्ने थिचोमिचोको विरोध गर्नुपर्छ । विदेशी हस्तक्षेप र आक्रमणको विरोधमा अग्रमोर्चामा रहेर लड्ने शक्ति नै युवा विद्यार्थी हो । देश जोगाउने र बनाउने भरपर्दो शक्ति युवा वर्ग नै हो । युवाहरू बिदेसिरहेको कारण देशले विकास गर्न सकेको छैन । उनीहरूको लागि आवश्यक तालिम दिने, तालिम दिएर ठोस ज्ञान दिने, प्राप्त ज्ञान र सीपलाई व्यवहारमा लागू गर्नेतर्फ सरकारको ध्यान जानुपर्छ । देशको जनशक्ति विदेश पुर्‍याएर नेपाल र नेपालीको भलो कसरी हुन्छ ? देशभक्त युवाहरू विदेश छिरेर समृद्ध नेपाल बन्दैन । काम गर्ने आँट र साहस युवा उमेरमै बढी हुन्छ । काम गर्दा आइपर्ने बाधा अड्चन पार गरेर अघि बढ्ने क्षमता पनि उनीहरूमा नै हुन्छ । जस्तोसुकै अप्ठ्यारो र कठिन परिस्थितिमा पनि अघि बढ्ने आँट हुन्छ । देश र जनताको निम्ति केही गर्नुपर्छ भन्ने भावना पनि उनीहरूमै हुन्छ । विशुद्ध मन, पवित्र विचार, शत्रुविरुद्ध नझुक्ने र आवश्यक परेमा प्रतिवाद गर्ने सामर्थ्य युवामा हुन्छ ।

देश र जनतालाई दु:ख दिने र विदेशी थिचोमिचोको विरोध गर्ने आँट युवाहरूमा हुन्छ । साम्राज्यवादी, प्रतिक्रियावादी, विस्तारवादी शक्तिसँग जुध्ने, देशको स्वाधीनता र सार्वभौमिकताको पक्षमा लड्ने आत्मबल उनीहरूमा हुन्छ । संसारका हरेक देशको स्वतन्त्रता र मुक्ति आन्दोलनमा युवाहरू नै सरिक हुन्छन्; उनीहरू नै अघि बढेर शत्रुविरुद्ध मुकाबिला गर्छन् । उनीहरू परिश्रमी हुन्छन् । तर, उनीहरू जनतासित भिज्नुपर्छ; जनताको साथमा लाग्नुपर्छ । आफूहरू नै सबथोक हो; आफ्नो लागि अरु कुनै आवश्यक छैन भनी अहङ्कारी भएमा, सेखी भएमा त्यो परालको आगोझैं एकचोटि दन्न बलेर फेरि चिसिन्छ । त्यस्तो आन्दोलन सफल हुँदैन । जनताको दु:ख सुख नबुझेका, जनताबिच नभिजेका युवाहरू स्थिर हुँदैनन् । एक समय एकक्षण उर्लेर सधैंको लागि व्यर्थ हुने ढङ्गले काम गरेर देश बन्दैन; जीवन सुनिश्चित हुँदैन । यस अर्थमा युवाहरू सिद्धान्त र विचारसित भिजेको हुनुपर्छ ।

भ्रष्टाचारी, कालाबजारी, कमिसनखोर, हत्या-हिंसाको विरोधमा लड्ने सामर्थ्य युवाहरूमा हुन्छ । देशप्रेमको भावना भएमा, देश र जनताप्रति जिम्मेवार भएमा युवाहरू कुलतमा लाग्दैनन्; गाँजा, चरेस र भाङ खाएर होहल्ला गर्दैनन्; जुवा तास खेलेर पैसा उडाउँदैनन्, चोरी चकारी गर्दैनन्; बेचबिखनमा लाग्दैनन् । यसकारण, युवाहरू असल, जागरुक, इमानदार, देशभक्त, योग्य, सक्षम र सबल हुनुपर्छ । सेवा गर्ने भावना भएको हुनुपर्छ । जनतालाई सम्झाउने, बुझाउने क्षमता भएको हुनुपर्छ । जहाँ गए पनि जहाँ पुगे पनि समुदायको हितमा लाग्ने चाहना हुनुपर्छ । देशको लागि त्यस्ता युवाहरू सरकार, राजनीतिक दल र नागरिक समाजले तयार गर्नुपर्छ; अनि मात्र देश बन्ने छ र देशको अनुहार उज्यालो हुनेछ ।

# के ट्रम्प भेनेजुयलामाथि हमला गर्दै छन् ?


संरा अमेरिकी अर्थ विभागले मार्च १९ मङ्गलबारका दिन भेनेजुयलाको जेनरल माइनिङ कम्पनी-मिनेरभेन (Minerven) र त्यसका अध्यक्ष आड्रियन पर्डोमोमाथि पूर्ण प्रतिबन्ध लगायो । प्रतिबन्धको उक्त कदमले संरा अमेरिकामा भएका मिनेरभेन र पर्डोमोका सबै प्रमाणित सम्पत्तिहरू रोक्कामा परेका छन् र सम्पूर्ण अमेरिकी नागरिक एवम् कम्पनीहरूलाई तिनीहरूसित कारोबार गर्नमा रोक लगाएको छ । अमेरिकी अर्थ विभागले भेनेजुयलाको सुन प्रशोधन (उत्पादन) कम्पनी मिनेरभेनलाई तारो बनाएको हो र त्यसैको आडमा राष्ट्रपति निकोलस माडुरो सरकारले अर्थतन्त्रलाई स्थिर राखेको ठहर छ ।

मिनेरभेनले भेनेजुयलाको पूर्वी बोलिभार राज्यमा सुनलगायत विभिन्न धातु उत्खनन् गर्छ र राज्य मातहतको कङ्गलोमेरेट भेनेजुलन कर्पोरेसन अफ गायना (सीभीजी) को एक भाग हो । मिनेरभेनसित कैयौं सुन प्रशोधन उद्योग छन् । राज्यमातहतका खानीहरूका र स-साना निजी खानी सञ्चालकहरूको सुनका बिस्कुट तयार गर्छ । भेनेजुयलासित विश्वको दोस्रो ठुलो प्रमाणित सुन भण्डार छ । यसले देशको पूर्वी ओरिनोको क्षेत्रमा सुन उत्खनन बढाउने घोषणा नै गरेको छ ।

संरा अमेरिका, क्यानाडा र युरोपेली देशहरूजस्ता परम्परागत व्यापार साझेदारहरू आफूविरूद्ध प्रतिबन्धमा उत्रेपछि भेनेजुयलाले सुन व्यापारको वैकल्पिक साझेदारहरूको खोजी गरेको छ । ती देशमध्ये टर्की प्रमुख हो । संरा अमेरिका र युरोपेली देशहरूले लगाएको प्रतिबन्धका कारण विदेशमा रहेका भेनेजुयाली खाताहरू रोका गरिएपछि र कारोबारमा बाधा उत्पन्न भएपछि विदेशी मुद्राको कोष पूर्तिको लागि भेनेजुयला सरकारले सुनको अत्यधिक खपत गरेको छ । भेनेजुयलाको यही विकल्पलाई समेत साम्राज्यवादीहरूले तारो बनाइरहेका छन्, युगान्डालगायत विभिन्न अफ्रिकी देशका सुन प्रशोधन कम्पनीहरूमाथि छानबिन गर्न त्यहाँका सरकारलाई संरा अमेरिकाले दबाब दिएको रोयटर्सले हालै खुलासा गरेको छ । अफ्रिकी सुन कम्पनीहरूले भेनेजुयाली सुनलाई विश्व बजारमा पठाइरहेको आरोप साम्राज्यवादीहरूको छ ।

यसअघि बैङ्क अफ इङ्गल्यान्डमा भएको १.२ अर्ब पाउन्ड बराबरको भेनेजुयलाको सुनको भुक्तानी दिन उक्त बैङ्क र बेलायती सरकारले अस्वीकार गरेको थियो । उक्त सुन भेनेजुयाली सरकारले औषधि र उपचारको लागि आवश्यक चिकित्सा सामग्री खरिद गर्नका लागि छुट्याएर राखेको थियो । अमेरिकी राज्य विभागले भेनेजुयलाको तेल क्षेत्रमाथि पनि गिद्धेदृष्टि राख्दै आएको छ । तेल क्षेत्र भेनेजुयलाको प्रमुख निर्यात राजस्वको स्रोत हो । गत जनवरी २८ का दिन नै राज्यमातहतका भेनेजुयाली तेल कम्पनीहरूमाथि प्रतिबन्ध लगाएर सन् २०१९ मा हुने ११ अर्ब अमेरिकी डलर निर्यात राजस्वलाई रोकिदिएको थियो । संरा अमेरिकाले लगाएको उक्त नाकाबन्दीले भेनेजुयलाको अर्थतन्त्र कमजोर हुनेमात्र होइन भेनेजुयाली जनता भोकभोकै मर्ने स्थिति उत्पन्न हुने अनुमान छ । यसबारे संयुक्त राष्ट्र सङ्घका मानवअधिकार विङ् इड्रिस जाजरीले आफ्नो प्रतिवेदनमा भनेका छन्, "भेनेजुयलामा सरकार परिवर्तनको उद्देश्यले लगाइएका आर्थिक प्रतिबन्धहरूले प्रत्यक्षरूपमा आर्थिक सङ्कट निम्तिने र भेनेजुयाली जनताको खाद्य, शिक्षा, स्वास्थ्य आदि आधारभूत मानव अधिकारको प्रत्याभूतिमा गहिरो असर पर्न जाने स्थितिप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ ।"

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले १९ मार्चकै दिन भेनेजुयलाका सम्बन्धमा सैन्य हस्तक्षेपसहितका सबै विकल्प तयार रहेको बताउँदै सबैभन्दा कडा नाकाबन्दी लगाउन बाँकी नै रहेको चेतावनी दिएका छन् । अमेरिकी अधिकारीहरू भेनेजुयलासित कारोबार गर्ने गैर संरा अमेरिकी कम्पनी र व्यक्तिहरूलाई समेत रोक्ने र दण्डित गर्ने दोस्रो तहको




प्रतिबन्धको तयारीमा लागेको बताइएको छ । संरा अमेरिकाले त्यस्तो प्रतिबन्ध समाजवादी देश क्युवा, प्रजग कोरिया र हालै इरानमाथि थोपरेको छ ।

ट्रम्पको उपरोक्त भनाइ ब्राजिलका दक्षिणपन्थी राष्ट्रपति जायर बोल्सोनारोले ह्वाइटहाउस भ्रमण गरिरहँदा आएको हो । त्यस क्रममा ट्रम्पले ब्राजिललाई संरा अमेरिकाको गैरनाटो रणनीतिक साझेदारको मान्यता दिँदै कैयौं सैनिक सम्झौता र संयुक्त कारबाहीका सहमतिहरूमा हस्ताक्षर गरेका थिए । यी सबै हुँदाहुँदै बोल्सोनारोलाई ह्वाइटहाउसमा बोलाउनुको मुख्य कारण भने भेनेजुयला प्रकरण र मेक्सिकोसितको सिमानामा बनाउन लागिएको कङ्क्रिट पर्खालका लागि समर्थन जुटाउनु नै थियो ।

बोल्सोनारोले संरा अमेरिका सिमानामा बन्न लागेको पर्खालको समर्थन गर्दै भेनेजुयलाको सत्ता परिवर्तनको लागि संरा अमेरिकाले चालिरहेको हरेक कदमप्रति समर्थन रहेको पत्रकारहरूसित बताए ।

बोल्सोनारो वासिङ्टनमा रहेकै अवस्थामा संरा अमेरिकी राज्य विभागका प्रवक्ता रोवर्टो पालाडिनोले वासिङ्टन डीसीस्थित भेनेजुयाली राजदूतावासका दुई सैनिक अटैची भवन र न्युयोर्कस्थित महावाणिज्य दूतावास भवन कथित स्वघोषित अन्तरिक राष्ट्रपति हुआँ ग्वाइडोका प्रतिनिधिहरूको जिम्मामा लगाएको घोषणा गरे । यसो गरेर अमेरिकी प्रशासनलाई खुसी लागेको पालाडिनोले बताए ।

भेनेजुयला सरकारले अमेरिकी भूमिमा आफ्नो कूटनैतिक कार्यालयहरूको त्यसरी बलपूर्वक र अवैधरूपमा गरिएको कब्जाको कडा शब्दमा निन्दा गर्‍यो । विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा त्यसको विरोधमा भेनेजुयाली भूमिमा समान स्तरको प्रतिकार्य हुने जनायो । संरा अमेरिकाको त्यस कदम रोक्ने उद्देश्यले न्युयोर्कको म्यानहटनस्थित महावाणिज्य दूतावास भवनमा अमेरिकी भेनेजुयला ऐक्यबद्धता आन्दोलनले विरोध प्रदर्शन गरेको थियो भने वासिङटन डीसीस्थित राजदूतावास भवन प्रवेशमा रोक लगाउन संरा अमेरिकामा रहेका भेनेजुयाली नागरिकहरू र गुलाबी लहर आन्दोलनका कार्यकर्ताहरूले धर्ना दिएका थिए । ग्वाइडोले आफ्ना समर्थकमाझ केही दिनभित्रै माडुरो सरकारविरूद्ध ठुलो कदम चाल्न गइरहेको घोषणा गरेको केही दिनपछि नै उक्त बलजफ्ती कब्जा भएको हो ।

यसैबिच विपक्षी नियन्त्रित र भेनेजुयलाको सर्वोच्च अदालतद्वारा निलम्बित राष्ट्रियसभाले ग्वाइडोको सरकारलाई समर्थन गर्ने सैन्य अधिकारीहरू आफ्नो पदमा रहिरहने र तिनीहरूलाई आममाफी दिइने 'आममाफी' सम्बन्धी विधेयक पारित गरेको छ । त्यसलगत्तै फ्लोरिडाका अमेरिकी सिनेटर मार्कोगवियोलगायत अमेरिकी अधिकारीहरूले माफीसम्बन्धी ग्वाइडोको प्रस्ताव स्वीकार गर्न र ग्वाइडो सरकारलाई मान्यता दिन आग्रह गरेका छन् । अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनले हामीले भनेको मानेमा अमेरिकी प्रतिबन्धहरू हटाउन सकिने र सम्भावित सैनिक कारबाही नहुने भनी चेतावनीको अभिव्यक्ति दिएका छन् ।

काराकसमा हुआँ ग्वाइडोका चिफ अफ स्टाफ भनिएका रोवर्टो मोरेरोलाई अवैध हतियार थुपारेको र आतङ्कवादी समूह परिचालन गरेको अभियोगमा पक्राउ गरी मुद्दा चलाउन लागेपछि त्यसको प्रतिक्रियामा अमेरिकी अर्थ विभागले भेनेजुयाली आर्थिक तथा सामाजिक विकास बैङ्क-ब्यान्डेस ( BANDES) माथि मार्च २२ का दिनदेखि प्रतिबन्ध लगाइएको छ । ब्यान्डेस भेनेजुयलाको विकास परियोजनाहरूलाई अगाडि बढाउन स्थापना गरिएको भेनेजुयला र संरा अमेरिकालगायत कैयौं विदेशी सहरमा शाखा भएको भेनेजुयलाको सबैभन्दा ठुलो बैङ्क हो ।

**भेनेजुयलामाथि सैनिक आक्रमणलाई समर्थन जुटाउने प्रयास**

यसैबिच, राजनीतिक विश्लेषकहरूका अनुसार अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुयलामाथिको सैनिक आक्रमणका लागि क्षेत्रीय देशहरूको समर्थन जुटाउने प्रयास थालेका छन् । त्यसका लागि एकातिर प्रसुर अगुवाइ (Prosur Initiative) को नाममा ल्याटिन अमेरिकी देशहरूको अनौपचारिक सम्मेलन चिलीको राजधानी सान्टियागोमा बोलाउन लगाएका छन् भने अर्कोतिर क्यारिवियाली समुदाय (क्यारिकोम) का पाँच सदस्य राष्ट्रका नेताहरूसित फ्लोरिडास्थित मार ए लागोरिसोर्ट (Mar-a-Lagoresort) मा बैठक गरेका छन् । मार-ए- लागो बैठकको विषय खुलाइएको छैन तर बैठकको प्रकृति हेर्दा सन् १९८३ मा ग्रेनाडामाथि हमला गर्नुपूर्व क्यारिवियाली नेताहरूलाई विभाजित गरेको घटनासित समानता देखापरेको ल्याटिन अमेरिकी राजनीतिक विश्लेषकहरूको ठहर छ ।

वासिङटनले बहामास, डोमिनिकन गणतन्त्र, हाइटी, जमैका र सेन्ट लुसियाका नेताहरूलाई मार-ए-लागोमा बोलाएको थियो र अमेरिकी आधिकारिक विज्ञप्तिअनुसार त्यहाँ प्रार्थी देशले पाहुना नेताहरूसित व्यापार, ऊर्जा र सुरक्षा मामिलामा छलफल गरिएको थियो । तर, ट्रम्पको अहिलेको प्राथमिक राजनीतिक, आर्थिक र सुरक्षा विदेश नीतिको एजेन्डा भनेकै भेनेजुयला भएकोले, भेनेजुयलामाथि नै केन्द्रित भएर छलफल भएको अनुमान व्यापक छ ।

ती बोलाइएका पाँचमध्ये ४ देशले गत जनवरीमा अमेरिकी राज्य सङ्गठन ओएएसमा निर्वाचित भेनेजुयाली राष्ट्रपति निकोलस माडुरोलाई मान्यता नदिने भन्ने अमेरिका समर्थित प्रस्तावको पक्षमा मत दिएका थिए ।

क्षेत्रीय सङ्गठन क्यारिकोमले एक दसकदेखि नै साझा विदेश नीतिलाई जोड दिँदै आएको छ र भेनेजुयलाको राजनीतिक विवाद शान्तिपूर्ण वार्ताको माध्यमबाट समाधान गर्नुपर्ने दृष्टिकोण राख्दै आएको छ । अहिले क्यारिकोमको अध्यक्ष सेन्ट किट्स र नेभिसका प्रधानमन्त्री डा. टिमोथी ह्यारिस छन् र उनले क्यारिवियाली क्षेत्रलाई शान्ति क्षेत्र बनाउनुपर्छ भनी त्यस क्षेत्रीय सङ्गठनको नेतृत्व गरिरहेका छन् । तर, ओएएसमा जनवरीमा भएको मतदानमा अनुपस्थित जनाएको क्यारिकोमको अध्यक्ष राष्ट्र सेन्ट किट्स एन्ड नेभिसलाई भने ट्रम्पको फ्लोरिडा बैठकमा निम्तो गरिएन ।

मार-ए-लागो बैठकको विषय अझै खुलासा गरिएको छैन तर आफ्नो कठपुतली बन्न तयारहरूलाई मात्र राखेर गरिएको त्यस बैठकले सन् १९८३ मा संरा अमेरिकी नेतृत्वमा ग्रेनाडामाथि गरिएको हमला अगाडि क्यारिवियाली नेताहरूलाई विभाजित गरेको घटनालाई स्मरण गराएको छ ।

त्यतिबेला अधिकांश क्यारिवियाली देशहरूले ग्रेनाडाको माउरिस विशपको क्रान्तिकारी सरकारलाई समर्थन गरेका थिए । ग्रेनाडामाथि सैनिक हमला गर्न साना तर रूढीवादी शासकहरू भएको ६ सदस्यीय सङ्गठन पूर्वी क्यारिवियाली राज्य सङ्गठन- ओईसीएसलाई वासिङ्टनले आफ्नो ढाल बनाएको थियो ।

त्यतिखेर ओईसीएसका अध्यक्ष तथा डोमिनिकाका आइरन लेडीका नाममा कुख्यात ड्याम इग्वेनिया र ओईसीएसका महानिर्देशक डा. भाउगन लेविसलाई दायाँ बायाँ उभ्याएर तत्कालीन अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनले अक्टोबर २५, १९८३ मा अमेरिकी सेनाले ग्रेनाडामाथि हमला थालेको घोषणा गरेका थिए ।

ओईसीएसले ग्रेनाडामाथि हमला गर्न प्रदान गरेको बहानाले सन् १९८४ को राष्ट्रपतीय निर्वाचन अगाडि रेगनको लोकप्रियता बढाएको थियो र दोस्रो कार्यकालको लागि निर्वाचन जितेका थिए । आज त्यस घटनाको ३५ वर्ष

*बाँकी पृष्ठ ७ मा*

## सन्दर्भ : जे.भी. स्तालिन जन्म दिवस (डिसेम्बर २१)

# जोसेफ विसारियोनोभिच स्तालिनको जीवनी - २

✍ हरिबहादुर श्रेष्ठ

**पार्टीका ठुला लेखक**

स्तालिनले तिफलिसमा गुप्त छापाखानाको बन्दोबस्त गर्नुभएको थियो र त्यसबाट पत्रपत्रिकाहरू निकाल्नुहुन्थ्यो । लेनिनका रचनाहरू 'प्रोलेतारिटिज ब्रडजोला' (सर्वहारा सङ्घर्ष) र प्रोलेतारिटिज ब्रडजोलिस पुर्तसेलि' ( सर्वहारा सङ्घर्षका अग्रदूत) भन्ने समाचारपत्रमा छापिन्थ्यो । रुसी, जर्जियाली र अर्मेनियाली भाषामा किताब, पुस्तिका, खबर कागत र पर्चाहरू हजारौँ प्रति छापिन्थ्यो । ककेशियाको पार्टीको मुखपत्र 'प्रोलेतारिटिज ब्रडजोला' स्तालिनकै सम्पादनमा निस्कन्थ्यो । 'प्रोलेतारिटिज ब्रडजोला' मा उहाँले बोल्शेविकविरोधी सैद्धान्तिक फट्याइँविरोधी सङ्घर्ष र मार्क्सवादी दृष्टिकोणलाई तारिफ गर्नुहुन्थ्यो । त्यसमा लेनिनकै लेख पनि छापिन्थ्यो । उहाँले मेन्सेविकहरूको विरोधमा लेनिनको सम्झौताहीन अडानलाई समर्थन गरेर सैद्धान्तिक लेखहरू लेख्नुहुन्थ्यो । 'पार्टी बेमेलको सारांश', 'कुटाइसको चिठी' र 'समाजवादी प्रजातन्त्रवादी' लाई उत्तर भन्ने आफ्ना लेखहरूमा स्तालिनले प्लेखानोभको 'इस्क्रा' को लेखको आलोचना र लेनिनको 'के गर्ने' लाई समर्थन गर्नुभयो । ती लेखहरू मार्क्सवादी पार्टी निर्माणको निम्ति महत्त्वपूर्ण सैद्धान्तिक जगहरू थिए । लेखहरूको मुख्य भनाइ थियो, "सर्वहारावर्गको चेतनालाई साँचो वर्गीय हित अर्थात् समाजवादी आदर्शको चेतनासम्म उठाई दिनुपर्छ ।" मजदुर आन्दोलनमा समाजवादी चेतना अत्यावश्यक छ । मजदुर आन्दोलनलाई समाजवादसँग अलग्याउनुको अर्थ आन्दोलनलाई दिशाहीन बनाउनु हो । मजदुर आन्दोलनबिनाको समाजवाद आदर्शवादी हो । आखिर आर्थिक विकास भएपछि मजदुरवर्गले समाजवादी क्रान्ति गर्ने नै छन् । हाम्रो मुख्य काम मजदुर आन्दोलनलाई समाजवादी चेतनासँग एक गर्नु र मजदुरवर्गलाई एक केन्द्रित पार्टी शक्तिमा परिणत गर्नु हो । ती लेखहरूले गर्दा स्तालिन पार्टीका एक विद्वान्, पार्टीको ठुला लेखक, सर्वहारा सिद्धान्तका नेता र लेनिनको सच्चा समर्थकको रूपमा जानिनुभयो ।"

१ सेप्टेम्बर १९०४ को 'प्रोलेतारिटिज ब्रडजोला' को सातौँ अङ्कमा स्तालिनले राष्ट्रिय प्रश्नबारे एक मार्क्सवादी व्याख्या दिनुभयो । त्यसमा उहाँले सर्वहारावर्गलाई फुटाउने जातीय सङ्कीर्णता र अवसरवादीलाई खण्डन गर्नुभयो र सर्वहारा अन्तर्राष्ट्रवादीको सिद्धान्त अगाडि सार्नुभयो ।

१९०४ डिसेम्बरमा स्तालिनले साथीहरूसँग मिलेर बाकूमा तेल खानीका मजदुरहरूको ठुलो हडताल गराउनुभयो । हडताल १३ देखि ३१ डिसेम्बरसम्म चल्यो । अन्तमा, तेल खानीका मालिकहरूले मजदुरहरूको माग मानेर सम्झौता गर्नैपर्यो । त्यो मजदुरहरूको जित थियो । त्यस प्रकारको जित रुसको मजदुर आन्दोलनमा पहिलो थियो । त्यसले सारा रुसी मजदुरलाई बिउँझाइदियो । बाकूको त्यो हडताल रुसी आकाशमा वसन्तको मेघ गर्जन साबित भयो । त्यसले रुसमा गौरवपूर्ण मजदुर क्रान्तिको सङ्केत दियो ।

८ जनवरी १९०५ को 'प्रोलेतारिटिज ब्रडजोला' को आठौँ अङ्कमा स्तालिनले 'सर्वहारा र सर्वहारा पार्टी' भन्ने लेख लेख्नुभयो । लेनिनको 'एक पाइला अगाडि, दुई पाइला पछाडि' भन्ने किताबको आधारमा पार्टी नियम र पार्टी सिद्धान्तलाई अगाडि बढाउनुभयो, "पार्टी एक केन्द्रित सङ्गठन भएको हुनाले जसलाई पायो उसलाई पार्टीभित्र ल्याइँदैन, बरु सतर्क भएर जाने बुझेकाहरूलाई मात्रै लिइने छ ।" मजदुर सङ्घर्षवाद, जातिवाद र कर्मचारीवादजस्ता फुर्सिति र सर्वहारावर्गका वास्तविक हितलाई छोड्ने फितलो र खुकुलो दृष्टिकोणलाई हान्नुभयो ।

१९५० को ९ जनवरी आइतबारको दिन थियो । ग्यापोन नाम गरेको एक धार्मिक पण्डितको नेतृत्वमा मजदुरहरू राजदरबारतिर नारा लगाउँदै गए । ग्यापोन वास्तवमा सरकारी मजदुर सङ्गठनको नेता र सरकारी जासुस थियो । ऊ मजदुरहरूलाई दबाउन जाल रच्दै थियो । यो कुरा मजदुरहरूलाई थाहा थिएन । बोल्शेविकहरू जुलुस गराउने पक्षमा थिएनन् । तर, मजदुरहरू ग्यापोनलाई विश्वास गर्थे र राजा जारलाई नभेटी नजाने अठोट गरे । राजा जारको हुकुमबाट घोडचढी र सशस्त्र सेनाले मजदुरहरूमाथि नाङ्गो तरवार चलाउन थाल्यो । हुलमाथि गोली चलाइयो र थुप्रै मानिस मारिए । यो 'आइतबारे हत्याकाण्ड' को नामले कुख्यात छ ।

यस हत्याकाण्डबारे स्तालिनले जारसँग क्रान्ति नगरी सम्झौता चाहनेहरूलाई भन्नुभयो, "लौ, भलाद्मीहरू, तपाईंहरूको कोसिस बेकार भयो ! रुसी क्रान्ति नभई छाड्दैन । यो सूर्य उदाउन जत्तिकै अनिवार्य छ । के तपाईंहरू सूर्य उदाउने कुरोलाई रोक्न सक्नुहुन्छ ? यस क्रान्तिको मुख्य शक्ति सहर र गाउँको सर्वहारावर्ग हो, यसको झन्डा बोक्ने समाजवादी प्रजातान्त्रिक मजदुर पार्टी हो, तपाईं उदारवादी फितलाहरू होइनन् ।" यो लेनिनकै क्रान्तिमा 'सर्वहारावर्गको प्रभुत्व' भन्ने सिद्धान्तको सार थियो । उहाँले त्रान्स ककेशियाको सङ्गठनलाई निर्देशन दिइरहनुभयो । लेनिनको 'अस्थायी क्रान्तिकारी सरकार बनाउने' सिद्धान्तलाई पनि व्याख्या र विकास गर्नुभयो ।

'आइतबारे हत्याकाण्ड' को बदला लिन मजदुरहरू बन्दुक लिएर उठे । मजदुरहरूले गाउँ-गाउँमा गएर सरकारी भवन र दरबारहरूमा आगो लगाउन थाले । किसानहरूले राजा-रजौटा र जमिनदारहरू मार्न थाले । बोल्शेविकहरूले जनतालाई आह्वान गरे, "जार र जमिनदारहरूको विरोधमा हतियार लिएर उठ !" बोल्शेविकहरूले सशस्त्र विद्रोहको निम्ति तयारी गरे । सिपाहीँ, जहाजी र माझीहरूलाई सङ्गठित गरे । सरकारी सेना र पल्टनभित्र पार्टी सङ्गठन कायम गरे । सहर र गाउँहरूमा लडाकु दलहरू तयार पारेर हतियार चलाउने तालिम दिए । पार्टीका मुख्य मुख्य सदस्यहरूले किने र त्यसलाई देशभित्र पठाउने बन्दोबस्त गर्न थाले ।


अप्रिल १९०५ मा लण्डनमा पार्टीको तेस्रो महाधिवेशन भयो । त्यसमा मेन्सेविकहरूले भाग लिएनन् र तिनीहरूले जेनेभामा अलग्गै सम्मेलन गरे । लेनिनको भनाइमा, 'दुई महाधिवेशन दुई पार्टी' बन्यो । बोल्शेविक पार्टीले निर्णय लियो, अहिले रुसी क्रान्तिको रूप पुँजीवादी-प्रजातान्त्रिक क्रान्ति भए पनि सर्वहारावर्ग राजनैतिकरूपले तयार भएर त्यसलाई समाजवादी क्रान्तितर्फ अगाडि लैजान सक्नेछ । उदार पुँजीपतिवर्ग क्रान्तिमा अगाडि बढ्दैनन् बरु मजदुर किसानलाई दबाउन राजासँग सम्झौता गर्छन् । किसानहरू सर्वहारावर्गसँग मिलेर विद्रोह र क्रान्ति गर्नसक्छन् र सर्वहारावर्गको नेतृत्वमा स्थायी क्रान्तिकारी सरकार बनाउन सकिनेछ ।"

मेन्सेविकहरूको सम्मेलनले निर्णय गर्‍यो- क्रान्ति पुँजीवादी हुनेछ र त्यसको नेता उदार पुँजीपतिवर्गको हुनेछ । किसानसँग सम्बन्ध सर्वहाराको होइन, उदार पुँजीपतिवर्गको हुनेछ । क्रान्तिकारी जोश देखाएर उदार पुँजीपतिवर्गलाई क्रान्तिदेखि तर्साउनुहुन्न । तिनीहरू तर्सेर क्रान्तिबाट भागेमा क्रान्ति निर्बलियो हुनेछ ।

स्तालिन त्रान्स ककेशियामा क्रान्तिकारी काममा लागिरहनुभएको थियो । मेन्सेविकहरूलाई स्तालिनले क्रान्ति र सशस्त्र विद्रोहको शत्रु हुन् भनेर नङ्ग्याइदिनुभयो । जारको मनपरीतन्त्रको विरोधमा छिनोफानो हुने सङ्घर्ष मच्चाउँदै जानुभयो । विद्रोहबाट राजा जार डरायो । जार सरकारले १७ अक्टोबर १९०५ को दिन ड्युमा ( संसद्) लाई संविधान बनाउने अधिकार र नागरिक स्वतन्त्रता दिने घोषणा गर्‍यो । स्तालिनले यो खबर तिफलिसमा पाउनुभयो । विद्रोहलाई दबाउने र सैनिक शक्ति जम्मा गर्ने यो जारको एक छल थियो । १८ अक्टोबरको दिन मजदुरहरूको एक सभामा स्तालिनले भन्नुभयो, "साँच्चै विजय पाउन हामीलाई के कुरा चाहिन्छ ? हामीलाई तीन चिज चाहिन्छ : पहिलो-हतियार, दोस्रो-हतियार, तेस्रो-हतियार र फेरि हतियार ।"



डिसेम्बर १९०५ मा फिनलायन्डको टामरफोर्स भन्ने ठाउँमा पहिलो राष्ट्रिय रुसी बोल्शेविकहरूको सम्मेलन भयो । त्यहीँ पहिलोचोटि स्तालिन र लेनिनको भेट भयो ।



लेनिन र स्तालिन

सम्मेलनको राजनैतिक खेस्रा समितिमा लेनिन र स्तालिन दुवै मिलेर पार्टी नीति तयार गर्नुभयो ।

१९६० अप्रिल महिनामा स्वीडेनको स्टकहोममा पार्टीको चौथो महाधिवेशन भयो । त्यसमा स्तालिनले सक्रियरूपले भाग लिनुभयो । लेनिनसँग मिलेर उहाँले मेन्सेविकहरूलाई जवाफ दिनुभयो, "हाम्रो पार्टीमा मुख्य प्रश्न सर्वहारावर्गको प्रभुत्व वा प्रजातान्त्रिक पुँजीपतिवर्गको प्रभुत्वबारे हो । यहीँ हामी मतभेद राख्छौँ ।"

महाधिवेशनबाट फर्केर स्तालिनले त्रान्स ककेशियामा 'अखाली त्स्कोभ्रेवा' (नयाँ जीवन), 'अखाली ड्रोयवा' (नयाँ समय), 'चभेनित्स्खोभ्रेवा' (हाम्रो जीवन) र 'ड्रो' (समय) भन्ने बोल्शेविक पत्रिकाहरू तिफलिसमा जर्जियाली भाषामा कानुनीरूपले निकाल्न निर्देशन दिनुभयो । त्यसबेला त्यहाँ प्रिन्स क्रोपाटिकनको अराजकतावादी विचार फैलिरहेको थियो । त्यस खोटो विचारको खण्डन गर्न स्तालिनले 'अराजकतावाद वा समाजवाद' भन्ने लेखहरू लेख्नुभयो । मार्क्सवाद र समाजवाद बुझ्न ती लेखहरू सान्है उपयोगी र महत्त्वपूर्ण छन् ।

**जेल, निर्वासन र फेरि सङ्घर्षको मैदानमा**

लण्डनको सम्मेलनबाट फर्कनु भएपछि स्तालिन बाकूमा फर्कनुभयो । बाकू र त्यसको चारैतिरका जिल्लाहरूमा उहाँ बडो सक्रिय भएर काम गर्न थाल्नुभयो । तेस्रो ड्युमा (संसद्) को चुनाव र तेलखानीका मजदुरहरूको सङ्घर्षलाई निर्देशन दिनुभयो । मजदुर र मालिकहरूको बिचको सङ्घर्षलाई बडो चलाकीले मिलाउनुभयो । बाकू मजदुर आन्दोलनले स्तालिनलाई झन् व्यवहारिक र व्यापक कामदार जनताको नेताको रूपमा खारिदियो । बाकू बोल्शेविकवादको गढ बन्यो ।

२५ मई १९०८ मा स्तालिन पक्रिनुभयो र ८ महिनासम्म जेलमा थुनिनुभयो । त्यसपछि भोलोग्दा प्रान्तको सोल्चिचेगोडक्क भन्ने ठाउँमा २ वर्षको निम्ति निकालिनुभयो । तर, २४ जून १९०९ मा निर्वासनबाट भाग्नुभयो र बाकूमा लुकेर काम गर्दै जानुभयो । पार्टीलाई बिलाउन र भङ्ग गर्न खोज्नेहरूको विरोधमा उहाँले 'ककेशशको चिठी', 'पार्टीको सङ्कट र हाम्रो कर्तव्य', 'पार्टीबाट' जस्ता थुप्रै लेखहरू लेख्नुभयो । उहाँका लेखहरू तिफलिसको कानुनी र गैरकानुनी सङ्गठनलाई सँगसँगै अगाडि बढाउनुभयो ।

२३ मार्च १९१० मा स्तालिन फेरि बाकूमा पक्रिनुभयो र ६ महिनासम्म जेलमा थुनिनुभयो । जेलमा पनि स्तालिन चुप लागेर बस्नुभएन । कार्ल मार्क्सको 'पुँजी' र अरु साहित्यको गहिरो अध्ययन गर्नुहुन्थ्यो । जेलमा अरु अपराधीसँग पनि सम्पर्क राख्नुहुन्थ्यो । अरु राजनैतिक बन्दीहरूसँग पनि छलफल गर्नुहुन्थ्यो । ६ महिनापछि उहाँ फेरि पुरानै ठाउँमा ५ वर्षको निम्ति निर्वासनमा पठाइनुभयो । उता पार्टीभित्र गञ्जागोल थियो । त्यसबारे लेनिनले स्तालिनलाई चिठी लेख्नुभयो । स्तालिनले लेनिनलाई पूर्ण समर्थन जनाउनुभयो । ६ सेप्टेम्बर १९११ मा उहाँ निर्वासनबाट भागेर सेन्ट पिटसवर्गमा पुग्नुभयो । तर, ९ सेप्टेम्बरमा उहाँ फेरि पक्रिनुभयो र त्यहीँ निकालिनुभयो ।

१९१२ जनवरीमा चेकोस्लाभाकियाको राजधानी बोल्शेविक पार्टीको छैटौँ सम्मेलन भयो । सम्मेलनले पार्टीलाई प्रतिक्रान्तिको दमनबाट बचाउन कानुनी र गैरकानुनी सङ्घर्षलाई मिलाउने निर्णय गर्‍यो । त्यो एक नयाँ पार्टी थियो, मेन्सेविकसँग अलग्ग नयाँ केन्द्रीय समिति चुनियो, जसमा लेनिन, स्तालिन, ओर्जोनिकित्सो, स्वेर्दलोव, स्पान्दरीयान आदि थिए । स्तालिन र स्वेर्दलोव बैठकमा उपस्थित हुनुहुन्थ्यो । व्यवहारिक काम गर्न देशभित्र स्तालिनको नेतृत्वमा एक केन्द्रीय समिति बनाइयो । मेन्सेविकहरू पार्टीबाट निकालिए । पार्टीको नाम 'रुसी समाजवादी प्रजातान्त्रिक मजदुर पार्टी (बोल्शेविक)' राखियो ।

२९ फेब्रुअरी १९१२ मा स्तालिन फेरि निर्वासनबाट भाग्न सफल हुनुभयो र पिटसवर्गमा पार्टी कन्द्रीय समितिको काम सम्हाल्नुभयो । जिल्ला-जिल्लामा भ्रमण गरेर मई दिवसको जुलुसको निम्ति तयार गर्नुभयो । पुलिसको आँखा छल्न उहाँ लुकीछिपी काम गर्नुहुन्थ्यो ।

साइबेरियामा लीना भन्ने ठाउँमा एक सुन खानी थियो । त्यहाँ ६ हजार मजदुरहरू काम गर्थे । ४ अप्रिल १९१२ को दिन मजदुरहरूले आफ्नो कष्टपूर्ण जीवनमा सुधारको माग गरेर एक शान्तिपूर्ण जुलुस गरे । त्यस जुलुसमा गोली हानेर पुलिसले ५ सयभन्दा बढी मजदुरहरू मारिए । हत्याकाण्डको विरोधमा रुसमा विभिन्न ठाउँका ८ लाख ५० हजार मजदुरले हडताल गरे । रुसमा मजदुर आन्दोलनले फेरि टाउको उठाउन थाल्यो । पिटसवर्गको बोल्शेविक अखबार 'ज्वेज्दा' (नक्षत्र) मा स्तालिनले लेख्नुभयो, "लीनाको हत्याकाण्डले मौनताको हिउँ पग्ल्यो र फेरि जनआन्दोलनको धार वहन लाग्यो । हिउँको टुक्रो टुक्रिएको छ । अहिलेको शासनमा जे जति खराबी र नीचता थियो सताइएको रुसको जो सारा दुःख कष्ट थियो, ती सबै एउटा घटनामा झल्कियो- त्यो हो गोलीकाण्ड । यो काण्ड हडताल र प्रदर्शनहरूको निमित एक सङ्केत बन्यो ।"

लीनाको सुनखानी बेलायती पुँजीपति र रुसी पुँजीपतिहरूको साझा थियो । गोलीकाण्ड बेलायती पुँजीपतिहरूलाई खुसी पार्न गरिएको थियो ।

अखबारले जनतालाई शिक्षा दिन्छ, सङ्गठनलाई बलियो बनाउँछ । कुनै पनि राजनैतिक पार्टीको निम्ति अखबार एउटा ठुलो हतियार हुन्छ । लेनिनको निर्देशनअनुसार स्तालिनले आफ्नो अगुवाइमा पिटसवर्गबाट 'प्राब्दा' (सत्य) भन्ने एक दैनिक खबर कागत २२ अप्रिल १९१२ मा निकाल्नुभयो । प्राब्दामा मजदुरहरूको कष्टपूर्ण परिस्थिति, पुँजीपति, मेनेजर र ज्यामी नाइकेको नराम्रो व्यवहार, शोषण र अन्याय अत्याचारको बयान र विरोध हुन्थ्यो । त्यसले देशका मजदुरहरूको परिस्थितिबारे विचार गर्न कर लगाउँथ्यो । 'प्राब्दा' साँचोमा क्रान्तिको निम्ति एक चुकुल बन्यो । २२ अप्रिल १९१२ मा स्तालिन सेन्टपिटसवर्गमा पक्रिनुभयो । धेरै महिना जेलमा हालेपछि ३ वर्षको निम्ति निर्वासनमा पठाउनुभयो । यस पटकको निर्वासन नार्यम भन्ने टाढा र विकट इलाकामा थियो । उहाँको एकजना साथी भाग्ने कोसिसमा पक्रिए तर क्रान्तिकारीहरू किन डराउँथे ? शेरलाई जीउँदो समात्न गाह्रै हुन्छ । १ सेप्टेम्बर १९१२ मा स्तालिन फेरि भाग्नुभयो र सेन्टपिटसवर्गमा पुगेर काम गर्न थाल्नुभयो ।

चौथो ड्युमाको चुनाव आइपुगेको थियो । स्तालिनले प्राब्दाको माध्यमबाट चुनाव प्रचारलाई अगाडि बढाउनुभयो । कारखानाहरूमा गई उहाँले थुप्रै मजदुरहरूको सभामा बोल्नुभयो । पुलिसहरूको खतराबाट बचाउन मजदुर र सङ्गठनले राम्रो पालो-पहरा राखेर उहाँको सुरक्षा गर्थे । 'सेन्टपिटसवर्गका मजदुर प्रतिनिधिहरूलाई उहाँले मजदुरहरूको आदेश' जस्ता महत्त्वपूर्ण लेखहरू लेख्नुभयो । आवश्यक लेख, समाचार र चिठी कसरी र कति मोटो अक्षरले लेख्ने सबै निर्देशन उहाँ प्राब्दा समितिलाई दिनुहुन्थ्यो ।

ड्युमाको चुनावमा १५ जना मजदुर प्रतिनिधिहरू चुनिए । त्यसमा ६ बोल्शेविकहरूले १० लाख र ७ मेन्सेविकले २ लाखभन्दा कम मजदुरहरूको प्रतिनिधित्व गरेका थिए । केन्द्रीय समितिले स्तालिनलाई बोल्शेविक प्रतिनिधिहरूको निर्देशक नियुक्ति गर्‍यो ।

स्तालिनको निर्देशनमा बोल्शेविक प्रतिनिधिहरूले ड्युमामा सरकारको शोषण र मनपरीतन्त्रको विरोध गर्थे, सामन्ती जमिनदारहरूको जग्गा जफत गरेर किसानहरूलाई बाँड्ने र कारखानामा ८ घण्टाको कामजस्ता प्रस्तावहरू राख्थे । तर, बोल्शेविक प्रतिनिधिहरूमध्ये मैलिनोवस्की भन्ने उत्तेजना फैलाउने एक सरकारी दलाल पनि घुसेको थियो । त्यसले एकातिर पार्टीलाई कानुनी अखबार निकाल्न र कानुनी गतिविधिमा केही मद्दत गर्दथ्यो, तर भित्रभित्रै उसले थुप्रै क्रान्तिकारी बोल्शेविकहरूलाई पक्राउँथ्यो । जेल र साइबेरियाको कालापानीको सजाय गराउँथ्यो र मार्न लगाउँथ्यो । क्रान्तिपछि मजदुरहरूले त्यसमाथि मुद्दा चलाए र सोभियत अदालतले गोली हानेर मार्ने सजाय गर्‍यो ।



रुसको राजधानी मस्कोको दक्षिणी क्षेत्रमा बम विस्फोटनपछिको एक दृश्य २२ डिसेम्बर २०२५ का दिन । अनुसन्धानकर्ताहरूले एक रुसी सैनिक लेफ्टिनेन्ट जनरल फानिल सर्वारोभ सवार कारमा रिमोट बम फिट गरी विस्फोट गराइएको र जनरल सर्वारोभ र उनका एक सहयोगी इल्या पोलिकारोभको निधन भएको जानकारी दिएका छन् । जनरल सर्वारोभ रुसको आणविक, जैविक तथा रासायनिक प्रतिरक्षा बलका कमान्डर रहेका थिए । *तस्बिर : एपी*

# नाइजेरियामा अपहरण गरिएका १३० विद्यार्थी र कर्मचारी मुक्त

अबुजा, २२ डिसेम्बर (एपी) । गत महिना नाइजेरियाको एक क्याथोलिक विद्यालयबाट अपहरण गरिएका १३० जना विद्यार्थी र विद्यालयका कर्मचारीहरूलाई रिहा गरिएको नाइजर राज्य प्रहरीले आइतबार जानकारी दिएको छ । रिहा हुनेमा विद्यालयका बालबालिकासहित कर्मचारीहरू पनि रहेका छन् ।

नोभेम्बर २१ मा बन्दुकधारीहरूले नाइजेरियाको उत्तर-मध्य नाइजर राज्यस्थित पापिरी समुदायको सेन्ट मेरी क्याथोलिक स्कूलमा आक्रमण गरी कम्तीमा ३०३ जना विद्यार्थी र १२ जना शिक्षकलाई अपहरण गरेका थिए । घटनापछि केही घन्टामै ५० जना विद्यार्थी भाग्न सफल भएका थिए भने यस महिनाको सुरुआतमा थप १०० जना विद्यार्थी रिहा भएका थिए ।

नाइजर राज्य प्रहरीका प्रवक्ता वासिउ अबियोडुनले विज्ञप्ति जारी गर्दै अपहरण गरिएका बाँकी समूह पनि सुरक्षित रूपमा मुक्त भएको बताउनुभयो । उहाँका अनुसार कर्मचारीसहित कुल १३० जना पीडितलाई रिहा गरिएको छ । विद्यालयका केही विद्यार्थी र शिक्षक अझै बेपत्ता छन् कि छैनन् भन्ने विषयमा सोधिएको प्रश्नमा उहाँले थप विवरण पछि सार्वजनिक गरिने जानकारी दिनुभयो ।

राष्ट्रपति बोला टिनुबुका प्रवक्ता बायो ओनानुगाले सामाजिक सञ्जाल एक्समार्फत अपहरण गरिएका बाँकी १३० जना विद्यार्थी रिहा भएको पुष्टि गर्नुभयो । उहाँका अनुसार मुक्त गरिएका विद्यार्थीहरू सोमबार नाइजर राज्यको राजधानी मिन्ना पुग्नेछन् र क्रिसमसका अवसरमा आफ्ना परिवारसँग पुनर्मिलन गर्नेछन् । उहाँले यो सफलता सैन्य गुप्तचरद्वारा सञ्चालन गरिएको विशेष अभियानपछि सम्भव भएको पनि बताउनुभयो ।

राष्ट्रपतिका अर्का प्रवक्ता सन्डे डेयरले पनि सबै १३० जना विद्यार्थी सुरक्षितरूपमा मुक्त भएको र कोही पनि कैदमा नरहेको स्पष्ट पार्नुभयो ।

नोभेम्बर २१ को उक्त अपहरणको जिम्मेवारी कुनै समूहले लिएको छैन । तर, स्थानीय बासिन्दाहरूले नाइजेरियाको उत्तर क्षेत्रमा सक्रिय सशस्त्र गिरोहहरूले फिरौतीका लागि विद्यालय र यात्रुहरूलाई लक्षित गर्दै आएको आरोप लगाउँदै आएका छन् ।

नाइजर राज्यको यो घटना हालैका सामूहिक अपहरणहरूमध्ये एक हो । यसअघि छिमेकी केब्बी राज्यमा २५ जना विद्यालय विद्यार्थी अपहरणमा परेका थिए भने दक्षिणी क्वारा राज्यको एउटा चर्चबाट अपहरण गरिएका ३८ जना उपासकहरू पनि गत महिना रिहा भएका थिए ।

राष्ट्रपति टिनुबुमाथि देशभित्र र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको तर्फबाट पनि सुरक्षा सङ्कटलाई लिएर दबाब बढिरहेको छ । ट्रम्पले नाइजेरियामा इसाई समुदाय लक्षित हुने गरेको आरोप लगाउँदै आउनुभएको छ ।

नाइजेरियाका अधिकारीहरूले यस्ता उद्धार अभियानबारे प्रायः कम विवरण सार्वजनिक गर्ने गर्छन् र अपहरणसम्बन्धी घटनामा गिरफ्तारीहरू दुर्लभ छन् । विश्लेषकहरूका अनुसार धेरैजसो अवस्थामा फिरौती तिरेर अपहरण अन्त्य गरिन्छ, यद्यपि सरकारी निकायहरूले फिरौती भुक्तानी भएको स्वीकार गर्ने गरेका छैनन् ।

# थाइल्यान्ड–कम्बोडिया सीमा तनावमा आसियान बैठक

बैङ्कक, २२ डिसेम्बर (एपी) । दुई हप्ताअघि घातक झडपमा परिणत भएको थाइल्यान्ड र कम्बोडियाबिचको सीमा विवादबारे छलफल गर्न दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको क्षेत्रीय सङ्गठन (आसियान) का विदेशमन्त्रीहरू सोमबार मलेसियाको राजधानी क्वालालम्पुरमा भेला भएका छन् । यस विशेष बैठकमार्फत दुवै देशबिचको तनाव कम गर्न कूटनीतिक पहल अघि बढाउने उद्देश्य राखिएको छ ।

यस वर्ष दोस्रोपटक आसियानले आफ्ना दुई सदस्य राष्ट्रबिच डि-एस्केलेसन प्रवर्द्धन गर्न मञ्च उपलब्ध गराएको हो । पछिल्लो हिंसाले जुलाईमा पाँच दिनसम्म चलेको लडाइँ अन्त्य गर्न अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पहलमा भएको युद्धविरामलाई कमजोर बनाएको थियो । उक्त युद्धविराम मलेसियाको मध्यस्थतामा सम्भव भएको थियो, जहाँ ट्रम्पले सम्झौतामा नपुगेसम्म व्यापार सुविधा रोक्ने चेतावनी दिनुभएको थियो । अक्टोबरमा मलेसियामै भएको क्षेत्रीय शिखर सम्मेलनमा थप विवरणसहित युद्धविरामलाई औपचारिक रूप दिइएको थियो ।

सीमामा पुनः चर्किएको हिंसाले अन्तर्राष्ट्रिय समुदायको गम्भीर ध्यान तानेको छ । अमेरिकी विदेश मन्त्रालयले आइतबार विज्ञप्ति जारी गर्दै थाइल्यान्ड र कम्बोडियालाई शत्रुता अन्त्य गर्न, भारी हतियार फिर्ता लिन, नयाँ ल्यान्डमाइन राख्न रोक्न र क्वालालम्पुर शान्ति सम्झौताहरू पूर्ण रूपमा कार्यान्वयन गर्न आह्वान गरेको छ । ती सम्झौतामा मानवीय राहत तीव्र बनाउने र सीमा विवाद समाधानका संयन्त्रहरू समावेश छन् ।

थाई विदेशमन्त्री सिहासाक फुआंगकेटकोले आइतबार सामाजिक सञ्जालमार्फत अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँगको संवाद उल्लेख गर्दै थाइल्यान्डको युद्धविरामप्रति दृढ प्रतिबद्धता र अगाडि बढ्ने स्पष्ट मार्ग प्रस्तुत गरिएको बताउनुभयो । उहाँले क्वालालम्पुरको बैठकमा थाइल्यान्ड रचनात्मक रूपमा संलग्न हुने जानकारी दिनुभयो ।

कम्बोडियाका विदेशमन्त्री प्राक सोखोन्न पनि बैठकमा सहभागी हुने योजना रहेको कम्बोडियाको विदेश मन्त्रालयले जनाएको छ । मन्त्रालयले सबै मतभेद र विवाद शान्तिपूर्ण माध्यम, संवाद र कूटनीतिबाट समाधान गर्ने आफ्नो अडान पुनः पुष्टि गरेको छ ।

दुवै देशले साझा सीमाको एक विवादित भूभागमा दाबी गर्दै आएका कारण यो द्वन्द्व उत्पन्न भएको हो । डिसेम्बर ८ मा सीमामा भएको झडपमा दुई थाई सैनिक घाइते भएपछि पछिल्लो चरणको लडाइँ सुरु भएको थियो । त्यसयता विभिन्न मोर्चामा लडाइँ चर्किएको छ । थाइल्यान्डले एफ-१६ लडाकू जेट प्रयोग गरेको आरोप छ भने कम्बोडियाले ट्रक-माउन्टेड लन्चरबाट बीएम-२१ रकेट प्रक्षेपण गरेको बताइएको छ ।

अधिकारीहरूका अनुसार पछिल्लो सातामा सीमाको दुवै किनारमा दुई दर्जनभन्दा बढी मानिसको मृत्यु भएको आधिकारिक रिपोर्ट आएको छ र पाँच लाखभन्दा बढी सर्वसाधारण विस्थापित भएका छन् । अक्टोबरको युद्धविरामअनुसार थाइल्यान्डले पक्राउ परेका १८ कम्बोडियाली सैनिक रिहा गर्ने र दुवै पक्षले सीमाबाट भारी हतियार तथा ल्यान्डमाइन हटाउने सहमति गरेका थिए । तर, त्यसयता साना झडप र तीव्र प्रचार युद्ध जारी छन् ।

ल्यान्डमाइन विषय थाइल्यान्डका लागि विशेष रूपमा संवेदनशील बनेको छ । थाइल्यान्डले कम्बोडियाले नयाँ माइन राखेको आरोप लगाउँदै विरोध जनाएको छ, जसका कारण सीमामा गस्ती गरिरहेका सैनिकहरू घाइते भएको दाबी गरिएको छ । कम्बोडियाले भने ती माइनहरू सन् १९९९ मा समाप्त भएको दशकौं लामो गृहयुद्धका अवशेष भएको बताएको छ ।

थाई नौसेनाले आइतबार अग्रपङ्क्तिमा रहेका एक नौसैनिक ल्यान्डमाइनमा पाइला टेक्दा दाहिने खुट्टामा गम्भीर चोट लागेको जानकारी दिएको छ । साथै, नौसेनाले कम्बोडियाको गढ भनिएको क्षेत्रमा परित्याग गरिएका हतियार र विस्फोटक सामग्री फेला परेको दाबी गर्दै थाई सेनाविरुद्ध योजनाबद्ध रूपमा कर्मचारीविरोधी ल्यान्डमाइन प्रयोग भएको आरोप लगाएको छ ।

थाई विदेश मन्त्रालयले कम्बोडिया र एन्टि-पर्सनल माइन बान कन्भेन्सन (ओटावा कन्भेन्सन) का वर्तमान अध्यक्ष जाम्बियालाई सम्मेलनका संयन्त्रअन्तर्गत थप कारबाहीका लागि विरोध पत्र पठाउने जनाएको छ । यस विषयमा कम्बोडियाले तत्काल कुनै प्रतिक्रिया दिएको छैन ।

# नजिब रजाकलाई नजरबन्द अस्वीकार, जेलमै बाँकी सजाय



क्वालालम्पुर, २२ डिसेम्बर (एपी) । मलेसियाको उच्च अदालतले सोमबार पूर्वप्रधानमन्त्री नजिब रजाकलाई भ्रष्टाचारसम्बन्धी सजायको बाँकी अवधि जेल बाहिर नजरबन्दमा बिताउन दिने माग अस्वीकार गरेको छ । अदालतले पूर्वराजाद्वारा जारी गरिएको भनिएको परिशिष्ट शाही आदेश संवैधानिक प्रक्रियाअनुसार नबनाइएकाले वैध नहुने फैसला सुनाएको हो ।

न्यायाधीश एलिस लोकेका अनुसार राजाको दयाको विशेषाधिकार संविधानअनुसार माफी बोर्डको सिफारिसका आधारमा मात्र प्रयोग गर्न सकिन्छ । सन् २०२४ जनवरी २९ मा बसेको माफी बोर्डको बैठकमा नजरबन्दसम्बन्धी विषय उठाइएको पनि थिएन र स्वीकृत गरिएको थिएन । त्यसैले नजरबन्दको व्यवस्था 'वैध आदेश होइन' भन्ने ठहर गरिएको हो ।

७२ वर्षीय नजिब रजाकले अब आफ्नो बाँकी सजाय जेलमै पूरा गर्नुपर्नेछ । माफी बोर्डले गत वर्ष १२ वर्षको सजाय आधा घटाएपछि उहाँको कैद अवधि सन् २०२८ अगस्टमा समाप्त हुने तय भएको छ । फैसलापछि नजिबका वकिलले अदालतलाई उक्त निर्णयविरुद्ध अपिल गर्ने योजना रहेको जानकारी गराएका छन् ।

नजिबले १ एमडिबी राज्य कोष घोटालासँग सम्बन्धित मुद्दामा दोषी ठहर भई जेल सजाय भोगिरहनुभएको छ । शक्तिको दुरुपयोग, आपराधिक विश्वासघात र मनी लन्डिङको अभियोगमा सन् २०२० मा उहाँलाई १२ वर्षको जेल सजाय सुनाइएको थियो । १एमडिबीको पूर्व एकाइ एसआरसी इन्टरनेसनलबाट चार करोड २० लाख रिङ्गिट रकम उहाँको खातामा पुगेको अभियोग प्रमाणित भएपछि उहाँले अन्तिम अपिल गुमाउँदै सन् २०२२ अगस्टमा जेल जीवन सुरु गर्नुभएको थियो, जससँगै उहाँ जेल जाने मलेसियाका पहिलो पूर्वप्रधानमन्त्री बन्नुभयो ।

नजिबले आफू गलत काममा संलग्न नभएको दाबी गर्दै लगानीकर्ता लो टेक भो (जो लो) ले आफूलाई ठगेको आरोप लगाउँदै आउनुभएको छ । तर घोटालाका मुख्य योजनाकार मानिने जो लो अझै फरार छन् ।

यसैबिच, उच्च अदालतले यही हप्ता १ एमडिबी काण्डसँग प्रत्यक्ष सम्बन्धित अर्को मुद्दामा नजिब दोषी वा निर्दोष ठहर हुनेबारे पनि फैसला सुनाउने तयारी गरेको छ । उक्त मुद्दामा शक्तिको दुरुपयोगका चार र मनी लन्डिङका २१ अभियोग छन्, जसमा दोषी ठहर भएमा थप लामो जेल सजाय हुनसक्नेछ ।

१ एमडिबी काण्डले सन् २०१८ मा मलेसियामा ठुलो राजनीतिक भूकम्प ल्याएको थियो । जसका कारण सन् १९५७ देखि सत्तामा रहेको दल ऐतिहासिक चुनावी पराजयमा परेको थियो । दोषी ठहरिए पनि नजिबले अझै आफ्नो दल युनाइटेड मलेसियन नेसनल अर्गनाइजेसनमा प्रभाव कायम राख्नुभएको छ । उक्त दल हाल प्रधानमन्त्री अनवर इब्राहिमको नेतृत्वमा रहेको एकता सरकारको हिस्सा हो ।

# अवामी लिगबिनाको चुनाव 'राज्याभिषेक' मात्र : शेख हसिना

नयाँदिल्ली, २२ डिसेम्बर (एएनआई) । बङ्गलादेशमा सन् २०२६ फेब्रुअरीमा हुने राष्ट्रिय निर्वाचनमा आफ्नो दल अवामी लिगलाई सहभागी हुन प्रतिबन्ध लगाइएपछि पूर्व प्रधानमन्त्री शेख हसिनाले कडा प्रतिक्रिया दिनुभएको छ । उहाँले अवामी लिगबिनाको चुनावलाई वास्तविक निर्वाचन नभई 'राज्याभिषेक' को संज्ञा दिनुभएको छ ।

विद्यार्थी नेतृत्वको विद्रोहपछि करिब एक वर्षअघि सरकारबाट अपदस्थ हुनुभएकी हसिनाले भन्नुभयो, "अवामी लिगबिनाको चुनाव चुनाव नै हुँदैन, त्यो राज्याभिषेक हो । अन्तरिम सरकारका प्रमुख मुहम्मद युनुसले जनताको मतविना शासन गरिरहनुभएको छ र लोकप्रिय जनादेशबाट नौ पटक निर्वाचित पार्टीलाई प्रतिबन्ध लगाउने प्रयास भइरहेको छ ।"

उहाँले ऐतिहासिक उदाहरण उल्लेख गर्दै बङ्गलादेशी जनताले आफ्नो मनपर्ने दललाई मतदान गर्न नपाए मतदान नै नगर्ने प्रवृत्ति रहेको बताउनुभयो । "यदि यो प्रतिबन्ध कायम रह्यो भने लाखौं नागरिक प्रभावकारी रूपमा मताधिकारबाट वञ्चित हुनेछन् । यस्तो प्रक्रियाबाट बनेको सरकारसँग शासन गर्ने नैतिक अधिकार हुँदैन," हसिनाको भनाइ छ । उहाँले राष्ट्रिय मेलमिलापको खाँचो रहेका बेला यस्तो कदम गम्भीर अवसर चुकाउनु सरह हुने उल्लेख गर्नुभयो ।

देशमा राजनीतिक तनाव चर्कंदै जाँदा फेब्रुअरी २०२६ को चुनावको तयारी भइरहेका बेला हिंसात्मक प्रदर्शन र अल्पसङ्ख्यक, विशेषगरी हिन्दू समुदायमाथि आक्रमणका खबरहरू बढिरहेका छन् । इन्किलाब मोन्चोका नेता उस्मान हादीको मृत्युपछि भएको हिंसाप्रति सङ्केत गर्दै हसिनाले सम्पूर्ण जिम्मेवारी अन्तरिम सरकारमाथि थोपर्नुभएको छ ।

उहाँले भन्नुभयो, "उस्मान हादीको हत्या वर्तमान प्रशासनअन्तर्गत बढ्दो अराजकताको प्रतीक हो । हिंसा सामान्य बनेको छ र सरकारले या त यसलाई अस्वीकार गर्छ वा नियन्त्रण गर्न असफल भएको छ । यसले देशलाई मात्र होइन, छिमेकीहरूसँगको सम्बन्ध र अन्तर्राष्ट्रिय विश्वसनीयतालाई पनि कमजोर बनाएको छ ।"

सन् २०२४ अगस्टमा शेख हसिनालाई अपदस्थ गर्ने आन्दोलनपछि यो पहिलो राष्ट्रिय निर्वाचन हुन लागेको हो । त्यसयता नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम प्रशासनले देश चलाउँदै आएको छ । निर्वाचनकै दिन 'जुलाई चार्टर' सम्बन्धी राष्ट्रिय जनमतसङ्ग्रह पनि हुने छ, जसले कार्यकारी शक्तिमा नियन्त्रण र न्यायिक स्वतन्त्रता सुदृढ गर्ने प्रस्ताव गरेको छ ।

तीन सय वटै संसदीय सिटका लागि एकै चरणमा मतदान हुने यस चुनावमा मुख्य प्रतिस्पर्धा बङ्गलादेश नेसनलिस्ट पार्टी (बीएनपी) र जमात-ए-इस्लामीबिच हुने अपेक्षा गरिएको छ । विद्यार्थी आन्दोलनबाट उदय भएको नेसनल सिटिजन्स पार्टी (एनसीपी) पनि चुनावी मैदानमा उत्रने सम्भावना रहेको जनाइएको छ ।

# युरेशियन आर्थिक सङ्घसँग सहकार्य अझ सशक्त बनाउने रुसको प्रतिबद्धता

मस्को, २२ डिसेम्बर (सिन्हुवा) । रुसले युरेशियन आर्थिक सङ्घ (ईएइयू) का सदस्य राष्ट्रहरूसँगको पारस्परिक लाभमा आधारित सहकार्यलाई उच्च प्राथमिकता दिँदै आपसी सम्बन्ध थप विकास गर्न विशेष प्रयास तीव्र बनाउने योजना बनाएको राष्ट्रपति भ्लादिमिर पुटिनले आइतबार बताउनुभएको छ ।

सेन्ट पिटर्सबर्गमा सम्पन्न सङ्घको बैठकलाई सम्बोधन गर्दै राष्ट्रपति पुटिनले युरेशियन आर्थिक सङ्घ बहुध्रुवीय विश्वको एक स्वतन्त्र र आत्मनिर्भर केन्द्रका रूपमा सुदृढ रूपमा स्थापित भइसकेको उल्लेख गर्नुभयो ।

उहाँले सङ्घभित्रको सहकार्य निरन्तररूपमा स्थिर प्रगतिमा रहेको उल्लेख गर्दै यसले सदस्य राष्ट्रहरू तथा सम्पूर्ण युरेशियन क्षेत्रको आर्थिक स्थायित्व र सहनशीलता सुनिश्चित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनुभयो । विश्वव्यापी आर्थिक अनिश्चितताको पृष्ठभूमिमा यस्तो सहकार्य अझै आवश्यक रहेको उहाँको धारणा थियो ।

बैठकका क्रममा बेलारुसका राष्ट्रपति अलेक्जेन्डर लुकाशेन्कोले सन् २०२६ मा काजाखस्तानले युरेशियन आर्थिक सङ्घको घुम्ती अध्यक्षता सम्हाल्ने जानकारी दिनुभयो । हाल सन् २०२५ का लागि उक्त सङ्घको घुम्ती अध्यक्षता बेलारुससँग रहेको छ । युरेशियन आर्थिक सङ्घका सदस्य राष्ट्रहरूमा आर्मेनिया, बेलारुस, काजाखस्तान, किर्गिस्तान र रुस रहेका छन् ।

वडाध्यक्षको डायरीबाट

# भक्तपुर नगरपालिकाको निर्देशनअनुसार कार्य गर्नु वडाध्यक्षको कर्तव्य हो

✍ कुशल

वडाध्यक्षमा निर्वाचित भएर कुर्सीमा बसेको धेरै महिना भएको थिएन । अनुभवको कमी त थियो नै । दुई वटा वडा समायोजन भएकोले पनि धेरै मानिसहरूसँग अपरिचित थिएँ । तापनि, पार्टीका अग्रजहरूको सल्लाह, घोषणापत्र अनि नगरपालिकाको निर्देशनलाई शिरोपर गर्दै वडा कार्यालयका काम कारबाहीहरू अगाडि बढ्दै थियो । म आफू पनि नयाँ परिवेश र नयाँ परिस्थितिमा काम गर्न उत्सुक थिएँ । शिक्षण पेसाबाट पूर्णकालीन सामाजिक र राजनीतिक कार्यमा लाग्दाखेरिको अनुभव सँगाल्दै थिएँ र उत्साहित पनि थिएँ । कुनै पनि नयाँ परिस्थिति र समस्यासँग सामना गर्नको लागि हरदम तयार अवस्थामा थिएँ ।

एक दिन वडामा दोस्रो प्रहरको समयमा एक जना वडाकै दाइ आउनुभयो । उहाँको घर मेरो घरनजिकै भएकोले उहाँसँग म परिचित नै थिएँ । उहाँको नाम कृष्ण सुवाल (नाम परिवर्तित) थियो । उहाँ आफ्नो पुर्ख्यौली सम्पत्ति जग्गाको धनीसँग जोत छुट्याएर लिनको लागि सिफारिसको लागि आउनुभएको थियो । मैले निवेदन राम्रोसँग हेरे अनि आवश्यक कागजातहरू भए नभएको हेरेँ । कागजातहरू सबै भएकोले मैले सरजमिनको लागि तोक लगाइदिएँ । त्यसपछि कृष्ण दाइ मलाई धन्यवाद भन्दै सचिवकहाँ जानुभयो । उहाँ गएको दस मिनेटपछि कार्यालयका सचिव त्यस निवेदन लिँदै मकहाँ आउनुभयो र मलाई भन्नुभयो, “सर यस निवेदनमा तपाईंले तोक लगाउनुभएको उपयुक्त भएन । कृष्ण सुवालको बुबाको नाममा नगरपालिकाले सेवा सुविधा सबै रोक्नु भन्ने पत्राचार भएको छ । उहाँको बुबा गुठीको नाइके हो । उहाँहरूले आफ्नो गुठी घर बनाउँदा छिमेकी दुवै जनाको जग्गा अतिक्रमण गरी बनाएको उजुरी छ । उजुरीको जवाफ नै नदिई घर बनाएकोले नगरपालिकाले एकतर्फी निर्णय भई आठ इन्च एकातर्फ र अर्कोतर्फ चार इन्च जग्गा मिचेको र हाललाई सेवा सुविधा रोक्नु भन्ने आदेश छ । मैले वडामा भएको फाइलबाट यो रोक्का पत्र ल्याएको छु । तपाईंले पनि एक पटक अध्ययन गर्नुहोला । अनि मात्र यो निवेदन अगाडि बढाउने नबढाउने निर्णय गर्नुपर्ला सर ।” यत्ति भन्दै सचिवले रोक्का पत्र पनि दिनुभयो । मैले सरसरती पत्र अध्ययन गरेँ । दुवै छिमेकीको जग्गा अतिक्रमण गरिएकोले हक बेहकको लागि अदालत जाने र हाललाई कृष्ण सुवालको बुबा गुठी नाइके भएकोले सबै नगरपालिकाको सेवा सुविधा रोक्ने आदेश गरिएको रहेछ ।

त्यसपछि मैले कृष्ण दाइलाई निवेदन छोडेर जान र उहाँको निवेदन सम्बन्धमा निर्वाचित समितिमा छलफल गरी जवाफ दिउँला भनी बिदावारि गरेँ । त्यसपछि उहाँ र सचिव केही जवाफ नफर्काइकन जानुभयो ।

उहाँहरू जानुभएको करिब एक घण्टापछि सचिव फेरि मेरो कार्यालयमा आउनुभयो । उहाँले मलाई भन्नुभयो, “सर अघिको निवेदन सम्बन्धमा केही कुरा राख्नु छ । त्यहीँ भएर तपाईँसँग भेट्न आएको हुँ ।” मैले पनि आफ्नो काम छोडेर उहाँलाई आफ्नो कुरा राख्न अनुरोध गरेँ । उहाँले भन्नुभयो, “वि.सं. २०७२ सालको भूकम्पमा उनीहरूको गुठी घर पनि भत्केको थियो । त्यस गुठी घरमा गुठीको एक जना सदस्य राम दुवाल (नाम परिवर्तित) र उनको परिवार बस्दै आएको छ । गुठी घरको भग्नावशेष हटाउने क्रममा राम दुवालले बाटोकै बिचमा माटो र इँटा थुपारेर बाटो बन्द गरिदिएका थिए । त्यसबेला तपाईं र म नै किन यसरी बाटोमा राखेको भनी सोध्न जाँदा वडाले सकेको गर्नुस्, म बिच बाटोमै राख्छु भनी जवाफ फर्काएका थिए । तपाईंले पार्टी प्रतिनिधि भई भग्नावशेष हटाउने समितिमा बसी वडालाई सहयोग गर्नुभएको थियो । हामीले डोजर चलाई भग्नावशेष हटाएको हुँदा थप भग्नावशेष बिच बाटोमा नराखी छेउमा राख्न अनुरोध गरेका थियौँ तर उनले मानेनन् । त्यसको केही महिनापछि नक्सा नै नराखी गुठी घर बनाए । उत्तर र दक्षिण दुवै छिमेकीको आधा आधा फिटभन्दा बढी जग्गा अतिक्रमण गरी उहाँले नक्सा नराखी घर बनाए । छिमेकीले उजुरी राख्दासमेत जवाफ दिन आएनन् । तपाईं, म र प्राविधिक हेर्न जाँदा तपाईंले आठ इन्च मिचेकोले डण्डी बाङ्गो गर्नुस्भन्दा मानेनन् र सकेको गर्नुस् भनी जवाफ दिएको तपाईंले बिर्सनुभएको जस्तो छ ।”

सचिवको कुराले मलाई विगतका कुरा स्मरण हुन थाल्यो । त्यसबेला भूकम्प पीडितहरूलाई राहत दिन र भग्नावशेष हटाउनेक्रममा वडालाई सहयोग गर्न राजनीतिक संयन्त्र बनाएको थियो । मलाई पनि नेमकिपाको तर्फबाट प्रतिनिधि भई कार्य गर्न निर्देशन भएको थियो । त्यहीँ निर्देशनअनुसार घर-घर गई सामान निकाल्नेदेखि भग्नावशेष हटाउने र राहत वितरण तथा पाल वितरण गरेको सम्झना भयो । टोलमा बाटोभरि करिब एक-एक तल्लासम्म भग्नावशेष थियो र त्यस्ता भग्नावशेष हामीले फालेका थियौँ । टोलवासीको डोजर र नगरपालिकाबाट डोजरको लागि तेल खर्च मिलाएर दस दिनभन्दा बढी डोजर चलाएर बाटो सफा गरेका थियौँ । बाटो सफा गरेको भोलिपल्ट नै राम दुवालले बाटोमै फेरि भग्नावशेष राखिदिएका थिए । सचिव र म गएर बाटोमा नराखी छेउमा राख्न अनुरोध गरेका थियौँ । त्यहीँ बेला उनले हामीलाई तथानाम गाली गरेको थियो । त्यसपछि घर बनाउने क्रममा निरीक्षण जाँदा उनले कर्मचारीलाई पनि गाली गरे । त्यसदिन गुठी घरमा ढलान कार्य हुँदै थियो । उनले भनेका थिए, “यो पनि गुठी घर हो । सार्वजनिक सम्पत्ति हो । त्यसैले छिमेकीको एक एक फिट अतिक्रमण गरी नक्सा नराखी घर बनाएकै हो । वडा र नगरपालिकाले सकेको गर्नुस् । को हो रोक्न आउने हो ? एक एकसँग म भिड्छु । ल डण्डी बाङ्गो गरी मात्र हेर्नुस् त । त्यसको खुट्टा भाँचिदिन्छु ।” त्यसपछिका दिनमा छिमेकका भाउजूहरू मेरो र वडा कार्यालयमा धेरैपटक आउनुभयो । छलफल गरी रोक्न लगाई दिनुस् भनी धेरै अनुरोध गर्नुभयो । तर, न त वडा कार्यालयले घर निर्माण रोक्न सक्यो न त नगरपालिकाले नै रोक्न सक्यो । न त मैले नै घर निर्माण रोक्न सकेँ । सरकारले स्थानीय निर्वाचन लामो अवधिसम्म नगरेकोले नगरपालिका र वडामा जनप्रतिनिधि खाली थियो जसको कारणले गुठी घर निर्माण रोक्न सकिएन ।

मैले फेरि सचिवलाई सोधेँ, “रोक्का पत्र कसरी आयो त ?” सचिवले जवाफ दिँदै भन्नुभयो, “छिमेकीहरू वडाबाट सुनुवाइ नभएपछि नगरपालिकामा लिखित उजुरी हाल्न जानुभयो । गुठीका नाइकेले जवाफसमेत दिएनन् । नगरपालिकाले के गर्न सक्छ भनी जवाफसमेत दिन गएनन् । त्यसपछि एकतर्फी फैसला भयो । नक्सा नियमित गर्नु, हक बेहकको लागि अदालत जानु र नियमानुसार नक्सा पास गर्नु, नगरेको अवस्थासम्म गुठी नाइकेको सेवा सुविधा रोक्नु भने आदेश भएपछि यो पत्र कार्यान्वयनको लागि यहाँ जानकारीको लागि पठाएको हो । त्यही भएर कुनै पनि हालतमा यो सिफारिस दिन मिल्दैन ।” सचिवको कुरामा म पनि सहमत भएँ । साथै बैठकमा पेस गर्न कृष्ण दाइको निवेदनमा अर्को तोक लगाइदिएँ ।

शुक्रबार बस्ने नियमित बैठकमा त्यो निवेदन पेस गरेँ । साथीहरूलाई मैले र सचिवले निवेदन र पहिलाको घटना विवरणबारे जानकारी गराएँ । त्यसपछि वडाबाट नक्सा पास नहुञ्जेल नगरपालिकाको आदेशअनुसार सिफारिस दिन नहुने निर्णय भई बैठक सम्पन्न भयो । त्यसपछिका दिनमा कृष्ण दाइ र उहाँको परिवार वडामा धेरैपटक आउनुभयो । नारायण दुवालसमेतले धेरैपटक आई सिफारिस दिन अनुरोध गर्नुभयो । राम दुवालले त्यसबेला भनेको भनाइप्रति माफी माग्नुभयो । तर, फुकुवा पत्र नआइकन सिफारिस दिन नमिल्ने भन्दै फर्काइदिएँ । एक दिन त गुठीका सम्पूर्ण सदस्यहरू आउनुभयो । राम दुवाल दाइ पनि धेरैपटक वडामा आई जनप्रनिधिसँग माफी माग्न आउनुभयो । मैले माफीभन्दा पनि नियमानुसार फुकुवा गरी ल्याउन र त्यसपछि मात्र सिफारिस गर्न सकिने भनी फर्काएँ । त्यसपछिका दिनमा कृष्ण सुवाल दाइ जाँड-रक्सी पिएर वडामा धेरैपटक कराउन पनि आउनुभयो । राम दुवाल दाइ पनि धेरैपटक जाँड-रक्सी खाएर वडा कार्यालयमा कराउन आउनुभयो । तर, म सिफारिस दिन तयार भइनँ । भक्तपुर नगरपालिकाको निर्देशनअनुसार कार्य गर्नु वडाध्यक्षको कर्तव्य हो ।

# भारतमाथि अझै म्याकालेको छाया


✍ शङ्कर शरण

भारतमा ‘म्याकाले’ शब्द प्राय: अपमानजनक शब्दको रूपमा प्रयोग गरिन्छ । तर, सो नामलाई गालीका रूपमा प्रयोग गर्नेहरूले ब्रिटिस इतिहासकार म्याकालेका लेखको एक पृष्ठ पनि पढ्ने चेष्टा गर्दैनन् । म्याकालेमाथि आक्रमण गर्ने मानिसमा त्यस्ता वर्ग धेरै छन्, जो कमजोर लक्ष्यमाथि आक्रमण गर्न खुसी हुन्छन् । अर्थात्, यस्तो लक्ष्यमाथि आक्रमण गर्ने कि जसबाट जवाफ आउने डर हुँदैन । भारत स्वतन्त्र भएको ७८ वर्षपछि १५० वर्षभन्दा पहिले मरेको एकजना विदेशीलाई हाम्रा समस्याका लागि दोष दिनु लज्जास्पद कुरा हो ।

डा. भीम राव अम्बेडकरले नोभेम्बर २५, १९४९ मा संविधानसभामा आफ्नो अन्तिम भाषणमा यसै कुरामा जोड दिँदै भनेका थिए- ‘स्वतन्त्रतापछि, अब हामीसँग कुनै पनि गलत कुराका लागि ब्रिटिसलाई दोष दिने बहाना बाँकी रहनेछैन । यदि त्यसपछि केही गलत काम भयो भने त्यसका लागि हामी आफैं जिम्मेवार हुनेछौँ ।’ यस्तो चेतावनीका बाबजुद हाम्रा नेता र तथाकथित बुद्धिजीवीले स्वतन्त्रताको ७६ वर्षपछि पनि म्याकालेलाई आक्रमण गरिरहनु लाजमर्दो कुरा होइन र ?

**म्याकालेविरुद्धका झुटहरू**

थोमस बेबिङ्गटन म्याकाले (१८००-१८५९) एक ब्रिटिस राजनीतिज्ञ, कवि र इतिहासकार थिए । उनी संसद् सदस्य थिए, तर परिवारको आर्थिक अवस्था बिग्रँदै गएपछि उनले सो पदबाट राजीनामा दिए र इस्ट-इन्डिया कम्पनीका लागि काम गर्ने निर्णय गरे । सोही कम्पनीसँग आबद्ध भएपछि सन् १८३४ मा उनी भारत आएका थिए, गभर्नर-जनरल विलियम बेन्टिकको सहायक नियुक्त भए । त्यसपछि उनी पाँच वर्षसम्म भारतमै रहे । भारतमा रहँदा उनले गभर्नर-जनरललाई शिक्षा नीति र भारतीय दण्ड संहिता निर्माणमा महत्त्वपूर्ण सहयोग दिएका थिए ।




उनले तत्कालीन कम्पनी सरकारलाई भारतीयमाझ अङ्ग्रेजी शिक्षालाई प्रवर्द्धन गर्न सल्लाह दिए । तर, त्यसको पछाडि उनको ‘दुष्ट मनसाय’ रहेको आरोप लगाइन्छ । यस आरोपलाई पुष्टि गर्ने गरी दशकौँदेखि एउटा अनुच्छेद खुब प्रयोग हुँदै आएको छ । फेब्रुअरी २, १८३५ मा ब्रिटिस संसद्मा म्याकालेको गरेको भनिएको भाषण यसरी सुरु हुन्छ, ‘मैले भारतको लम्बाइ र चौडाइमा यात्रा गरेको छु । यस क्रममा मैले एकजना पनि भिखारी वा चोर देखिनँ । यति समृद्धि, नैतिक मूल्य-मान्यता र प्रतिभावान देशमा हामीले यस राष्ट्रको मेरुदण्ड नतोडेसम्म यसलाई कहिल्यै जित्न सक्दैनौँ । यसका लागि हामीले यस देशको मेरुदण्ड आध्यात्मिक र संस्कृति कमजोर बनाउन यहाँको पुरानो शैक्षिक प्रणाली बदलौँ...।’ तर यो सम्पूर्ण पाठ नै बनावटी झुट हो । किनकि, त्यस दिन म्याकलेले ब्रिटिस संसद्मा भाषण नै दिएका थिएनन् । उनी त भारतमा थिए । म्याकालेले वास्तवमा भारतका तत्कालीन औपनिवेशिक शक्तिलाई परम्परागत संस्कृत र अरबी शिक्षालाई सरकारी सहयोग बन्द गर्न सिफारिस गरेका थिए । त्यसको ठाउँमा उनले भारतीयमाझ युरोपेली साहित्य र ज्ञानमा प्रचारको वकालत वकालत गरे । तर, उनीपछाडिको कारण व्यापक प्रचारित झुटा आरोपभन्दा पूर्ण रूपमा विपरीत थियो । म्याकाले खासमा कुनै ‘षड्यन्त्र’ को कारणले भन्दा भारतीयलाई रोजगार बजारमा युरोपेलीको हाराहारीमा ल्याउँदै अवसर विस्तार गर्न अङ्ग्रेजी भाषा विस्तार गर्न चाहन्थे ।

म्याकालेको ‘मिनिट अन इन्डियन एजुकेसन’ केवल दश पृष्ठको छ । यसमा, म्याकालेले ३६ बुँदामा आफ्ना विचार प्रस्तुत गरेका थिए, जसलाई गभर्नर-जनरल बेन्टिङ्कले स्वीकार गरे । यद्यपि, त्यो बुँदा पनि भारतीयमाथि लादिएको थिएन । सरकारले आफ्नो सहायता नीति मात्र परिवर्तन गरेको थियो- अरबी र संस्कृतको सट्टा अंग्रेजी प्रकाशनलाई प्रवर्द्धन गर्ने निर्णयमार्फत । त्यसपछि भारतीय आफ्नै भाषामा आफ्नो शिक्षा लिन सक्थे । खासमा शिक्षालाई कुनै पनि भाषामा कहिल्यै अनिवार्य बनाइएन ।

म्याकालेको तर्क खासमा ब्रिटिस शासकले परम्परागत भाषामार्फत पुरानो शिक्षा दिएर भारतीयलाई घाटा पुऱ्याइरहेको भन्ने थियो । संस्कृत कलेजमा वर्षौंसम्म पढेर प्रमाणपत्र प्राप्त गरेपछि पनि विद्यार्थीले काम पाउन नसकेको उनले उदाहरणको रूपमा पेस गरेका थिए । त्यसकारण, रोजगार दिलाउन नसक्ने संस्कृत र अरबी भाषाको शिक्षण बेकार रहेको उनको मुख्य भनाइ थियो । यस तर्कमा न त द्वेष थियो, न त षड्यन्त्र । चाखलाग्दो कुरा के छ भने म्याकालेले यस सन्दर्भमा युरोपेली इतिहासको उदाहरणसमेत उद्धृत गरेका थिए । ‘यदि हाम्रा (ब्रिटिस) पुर्खाले थुसिडाइड्स र प्लेटोको भाषा वा सिसेरो र ट्यासिटसको भाषालाई बेवास्ता गरेको भए के इङ्ग्ल्यान्ड आजकोजस्तो हुने थियो ? जसरी ग्रिक र ल्याटिन भाषाले युरोपेलीलाई मद्दत पुऱ्यायो, त्यसरी नै हाम्रो भाषा (अङ्ग्रेजी) भाषाले पनि भारतीयलाई उस्तै सहयोग गर्न सक्छ,’ म्याकालेले भनेका थिए । उनले यो भनाइ भारतीयसँग होइन, ब्रिटिस अधिकारीलाई भनेको कुराले पनि उनको स्वच्छ मनसाय देखिन्छ ।

भारतीय नीति निर्माताले स्वतन्त्रतापछिका आठ दशकमा म्याकालेको कुनै पनि नीति परिवर्तन गर्न असमर्थ भए । यसले म्याकाले अझै पनि उनीहरूमाथि प्रभाव राख्छन् भन्ने देखाउँछ । सायद उनले केही सत्य बताएकै कारण त उनलाई अस्वीकार गर्न असम्भव भएको हो कि ?

*(राजनीतिशस्त्रका प्राध्यापक शरण हिन्दी भाषामा स्तम्भ लेख्छन् ।)*

***- द प्रिन्टबाट***

***के ट्रम्प...***

पछाडि त्यस्तै दृश्य दोहोऱ्याउन लागिएको छ । दोस्रो कार्यकालका लागि उम्मेदवारी दिन ट्रम्पका अगाडि झन्डै एक वर्षमात्र समय बाँकी छ । सन् २०20 मा हुने राष्ट्रपतीय निर्वाचन जित्न ट्रम्प पनि राजनीतिक लाभांशको तीव्र खोजीमा छन् र भेनेजुयलाको आन्तरिक राजनीतिक विवादलाई त्यसको लागि उपयोग गर्न खोज्दै छन् ।

क्यारिकोमका सबै सदस्य देशहरू आज वासिङ्टनसँगै नाच्न तयार छैनन् । त्यसैले मार-ए-लागो बैठकमार्फत क्यारिकोमभित्रै विभाजन ल्याउने दुष्प्रयास गरिएको छ । उक्त बैठकको परिणामस्वरूप भेनेजुयलासम्बन्धी ती देशको पूर्वधारमा परिवर्तन देखिन थालेको छ ।

बहामासले राजधानी नासाउमा माडुरो सरकारद्वारा प्रस्तावित नयाँ राजदूतको नाम अस्वीकार गरिदिएको छ ।

माडुरो सरकारप्रति समर्थन जारी राखेका हाइटीका राष्ट्रपति र सतारूढ पार्टीमाथि वित्तीय अनियमितताको काण्डमा सामेल भएको र भेनेजुयलाले पेट्रोक्यारिब फ्युल इनिसियटिभ कार्यक्रममार्फत सहयोग दिइएको करोडौँ डलर गायब गरेको आरोपमा जोड दिन थालिएको छ ।

जमैकाले किङ्गस्टनस्थित भेनेजुयाली राजदूतावास अस्थायी अवधिका लागि बन्द गरेको घोषणा नै गरेको छ ।

जनवरीमा भएको मतदानमा भेनेजुयलाविरुद्धको प्रस्तावको पक्षमा मतदान गरेको सेन्ट लुसियाले माडुरो सरकारसित कूटनीतिक सम्बन्ध भने तोडेको छैन । तर, त्यहाँका प्रधानमन्त्री क्यास्ट्रिजले अमेरिकी बोलीमा लोली मिलाउँदै भेनेजुयलामा नयाँ निर्वाचन हुनुपर्छ भनी बोलेका छन् ।

डोमिनिकन गणतन्त्रले भने मध्यस्थकारी भूमिका खेलिरहेको छ, उसले भेनेजुयलाबारेको पछिल्लो मतदान हुनुअगाडि सान्टो डोमिङ्गोमा महत्त्वपूर्ण वार्ताको आयोजना गरेको थियो । तर, फ्लोरिडा बैठकमा डोमिनिकन गणतन्त्रलाई भेनेजुयलाबारे हृदय परिवर्तन गर्न दबाब दिइएको अनुमान छ । सिङ्गो सङ्गठनका रूपमा क्यारिकोमले भेनेजुयला मामिला शान्तिपूर्ण तवरले समाधान गर्न आह्वान गरिरहेको छ तर त्यसका सदस्यहरूलाई माडुरो सरकारप्रतिको पूर्व धारणा त्याग्न लगाउन दबाब बढाउँदै लगिएको छ ।

क्यारिकोमका सदस्य राष्ट्रहरू एन्टिगुआ एन्ड बर्बुडा, बार्बाडोस, बेलिज, ग्रेनाडा, सेन्ट किट्स एन्ड नेभिस र ट्रिनिडाड एन्ड टोबागो ओएएसको मतदानमा अनुपस्थित भई माडुरो सरकारको पक्षमा रहेका थिए । डोमिनिका, सेन्ट-भिन्सेन्ट एन्ड ग्रेनेडाइन्स र सुरीनामले मात्र अमेरिकी समर्थनको प्रस्तावविरूद्ध नै मतदान गरेका थिए ।

मार-ए-लागो बैठक सम्पन्न गरेर के ट्रम्पले भेनेजुयलामाथि हमलाका लागि क्यारिबियाली समर्थन जुटाएका छन् ? के भेनेजुयला अमेरिकी निर्वाचन जित्नका लागि अर्को ग्रेनाडा बन्नेछ ? सर्वत्र चासोको विषय बनिरहेको छ ।

***स्रोत : भेनेजुयला : हिजो र आज २०७६ असोज***

# सन् २०२६ मा विश्वव्यापी आणविक हतियार नियन्त्रण सङ्कटमा

पेरिस, २२ डिसेम्बर (एएफपी) । आणविक हतियार नियन्त्रणका लागि निर्माण गरिएको विश्वव्यापी कानुनी संरचना सन् २०२६ मा गम्भीर दबाबमा पर्ने देखिएको छ । दशकौँदेखि आणविक सङ्कट टार्न सहयोग गर्दै आएको यो व्यवस्था कमजोर बन्दै जाँदा अन्तर्राष्ट्रिय सुरक्षा कवचहरू खस्किँदै गएको विज्ञहरूको मूल्याङ्कन छ ।

आगामी वर्षको सुरुआतमै हुने दुई महत्त्वपूर्ण घटनाले आणविक नियन्त्रणको भविष्यलाई थप अनिश्चित बनाउनेछ । फेब्रुअरी ५ मा अमेरिका र रुसबिचको अन्तिम प्रमुख द्विपक्षीय आणविक सन्धि 'न्यु स्टार्ट' समाप्त हुँदैछ । त्यसैगरी, अप्रिलमा न्युयोर्कमा आणविक हतियार अप्रसार सन्धि (एनपिटी) को समीक्षा सम्मेलन (रेभकोन) आयोजना हुँदैछ । चारदेखि पाँच वर्षमा एकपटक हुने यो सम्मेलन एनपिटीलाई सक्रिय राख्ने प्रयासका रूपमा लिइन्छ । तर, पछिल्ला दुई सम्मेलनमा १९१ सदस्य राष्ट्र साझा अन्तिम दस्तावेजमा सहमत हुन नसकेको इतिहास छ र यसपटक पनि त्यस्तै नतिजा आउने अनुमान गरिएको छ ।

संयुक्त राष्ट्रसङ्घको हालैको एक अनलाइन सम्मेलनमा 'बुलेटिन अफ द एटमिक साइन्टिस्ट्स' का वरिष्ठ अधिकारी अलेक्जान्ड्रा बेलले आगामी रेभकोन निकै कठिन हुने बताउनुभयो । उहाँका अनुसार वर्तमान परिस्थिति र निकट भविष्यको सम्भावनाले आणविक हतियार नियन्त्रणको तस्वीर अँध्यारो बनाएको छ । रुसको थिङ्क-ट्याङ्क सेन्टर फर एनर्जी एन्ड सेक्युरिटी स्टडिजका निर्देशक एन्टोन क्लोपकोभले अझ कडा शब्दमा प्रतिक्रिया जनाउँदै हतियार नियन्त्रण संरचना लगभग पूर्ण विघटनको नजिक पुगेको धारणा व्यक्त गर्नुभयो । उहाँले यथार्थवादी भएर अहिलेसम्म बाँकी रहेका संयन्त्रहरू जोगाउने प्रयास नै अहिलेको उत्तम विकल्प भएको उल्लेख गर्नुभयो ।

सन् २०२५ मा अन्तर्राष्ट्रिय आणविक वातावरण झन् तनावपूर्ण बनेको छ । इरानी आणविक साइटहरूमा अमेरिकी आक्रमण, रुसले नयाँ ब्युरेभेस्टनिक आणविक-सञ्चालित क्रुज मिसाइलको परीक्षण र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सम्भावित रूपमा आणविक परीक्षण पुन: सुरु गर्न सकिने सङ्केत दिनुले विश्वलाई थप चिन्तित बनाएको छ । फ्रान्सको फाउन्डेसन फर स्ट्रेटेजिक रिसर्चका इमानुएल मैत्रेले हतियार नियन्त्रणको सम्पूर्ण संरचना क्रमश: कमजोर हुँदै गएको बताउनुभयो ।

विज्ञहरूका अनुसार मुख्य चुनौती विश्व शक्ति सन्तुलनमा आएको परिवर्तन हो । लामो समयसम्म आणविक नियन्त्रण अमेरिका-रुस सम्बन्धको वरिपरि केन्द्रित थियो । तर, चीनको तीव्र उदय, नयाँ प्रविधि र बहुध्रुवीय विश्व व्यवस्थाले परम्परागत द्विपक्षीय मोडेललाई जटिल बनाएको छ । पेकिङ विश्वविद्यालयका हुआ हानका अनुसार आणविक र परम्परागत शक्तिबिचको बढ्दो अन्तरसम्बन्ध, हाइपरसोनिक हतियारजस्ता नयाँ प्रविधि र मिसाइल रक्षा प्रणालीहरूले प्रतिरोध अवधारणालाई बहु-डोमेनमा रूपान्तरण गरिरहेका छन् । चीन-रुस सहकार्यले युरोप र एसिया-प्रशान्त क्षेत्रमा रणनीतिक गणना अझ कठिन बनाएको उहाँको भनाइ छ ।

न्यु स्टार्ट सन्धि समाप्त भएमा निरीक्षण प्रणाली, मिसाइल सार्दा दिने सूचना र पारदर्शिता संयन्त्रहरू पूर्णरूपमा अवरुद्ध हुनेछन् । मैत्रेका अनुसार हाल स्वैच्छिक प्रतिबद्धताबाहेक प्रभावकारी संयन्त्र बाँकी रहने छैन । तर, केही अमेरिकी विश्लेषकहरू भने न्यु स्टार्टको अन्त्यलाई अमेरिका-हितमै भएको तर्क प्रस्तुत गर्छन् । हेरिटेज फाउन्डेसनका रोबर्ट पिटर्सका अनुसार यो सन्धिले तीव्र रूपमा विस्तार भइरहेको चिनियाँ आणविक क्षमतालाई समेट्न नसक्ने भएकाले त्रिपक्षीय दृष्टिकोण आवश्यक छ । उहाँका अनुसार चीनले प्रत्येक वर्ष ठुलो सङ्ख्यामा नयाँ वारहेड र मिसाइल साइलो निर्माण गरिरहेको छ तर पेइचिङले अहिलेसम्म त्रिपक्षीय नि:शस्त्रीकरण वार्तामा सहभागी हुन अस्वीकार गर्दै आएको छ ।

यद्यपि, न्यु स्टार्टको समाप्तिले तुरुन्तै विशाल हतियार विस्तार हुने सम्भावना कम रहेको मैत्रेको आकलन छ । अमेरिका र रुस दुवैतर्फ केही हतियार सेवामा फर्काउने क्षमता भए पनि व्यवहारिक अवरोधले ती प्रक्रिया सुस्त रहने उहाँले बताउनुभयो । त्यस्तै, रेभकोनबाट अन्तिम दस्तावेज ननिस्कँदा एनपिटी तुरुन्तै धरापमा नपर्ने भए पनि दीर्घकालमा कूटनीतिक समाधानका उपायहरू कमजोर हुने जोखिम भने बढ्नेछ ।

मैत्रेले चेतावनी दिँदै भन्नुभयो, "एनपिटी जति कम प्रभावकारी बन्छ, सङ्कटको बेला सामूहिक समाधान खोज्नु त्यति नै कठिन हुन्छ ।" कमजोर हुँदै गएको आणविक नियन्त्रण व्यवस्थाले भविष्यमा अन्तर्राष्ट्रिय सुरक्षा र स्थायित्वका लागि गम्भीर चुनौती खडा गर्न सक्ने सङ्केत विज्ञहरूले दिएका छन् ।

# साम्राज्यवादसँग लडिरहेको छ भेनेजुयला

सुर्खेत, ७ पुस । विश्व सर्वहारावर्गका महान् नेता स्तालिनको १४७ औँ जन्म दिवसको अवसरमा 'भेनेजुयला हिजो र आज' पुस्तकको अध्ययन गोष्ठी शनिबार वीरेन्द्रनगरमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सल्लाहकार सदस्य नर्मा गुरुङले साम्राज्यवादलाई तह लगाउन सक्ने सोभियत सङ्घ स्तालिनको नेतृत्वमा बलियो भएको चर्चा गर्दै समाजवादी विचारलाई रुसमा प्रयोगमात्र होइन विश्वलाई समाजवादको प्रेरणाको सन्देश दिएकोले विश्वका जनताले आजसम्म पनि सम्झिरहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले ह्युगो चाभेजको नेतृत्वमा भेनेजुयलालाई स्पेनबाट मुक्त पारेर साम्राज्यवाद र पुँजीवादविरोधी आन्दोलनको उद्घोष गरेको उल्लेख गर्दै हाल मादुरोको नेतृत्वमा साम्राज्यवादी सङ्घर्ष निरन्तर जारी रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका उपाध्यक्ष लालबहादुर थापाले भेनेजुयलाले आफ्ना युवाहरूलाई सैनिक तालिम दिएजस्तै हाम्रो देशमा पनि सैनिक तालिमको आवश्यकता औँल्याउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति सुर्खेतका अध्यक्ष तुल्सी खड्काको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अक्कल राणा, गणेश खड्का, शेरबहादुर शाही, कुस्माखर खनाल, इन्द्रप्रसाद न्यौपाने, बिजुकला राणा, अम्मर भण्डारी, रामप्रसाद तिमिल्सिना, जानकी सुनार, छत्रिका विक र कल्पना शाहले बोल्नुभएको थियो ।

***अन्तर्राष्ट्रिय....***

कृषिमा ६० प्रतिशतभन्दा बढी जनता आश्रित देशमा कृषि क्षेत्रमा राम्रो अनुसन्धानको बन्दोबस्त नहुनु विडम्बनाको विषय हो भन्दै उहाँले कृषिमा व्यापक रूपमा अनुसन्धान गर्न सकेमा नेपाल खाद्यान्न आयातमा मात्र होइन, निर्यात गर्ने स्थितिमा पुग्न सकिने बताउनुभयो । कृषि वैज्ञानिकहरूलाई उचित सम्मान र सेवा सुविधा नहुँदा नेपालका राम्रा राम्रा कृषि वैज्ञानिकहरू विदेश पलायन भइरहेको यथार्थबारे प्रस्ट पार्दै उहाँले वैज्ञानिकहरूलाई नेपालमै काम गर्ने वातावरण तयार गर्नु आवश्यक रहेको बताउनुभयो ।

चीनका वैज्ञानिक युआन लोङफिङले गरेको हाइब्रीड बीउको आविष्कारले चीनलाई भोकमरीमुक्त देश बनाएको प्रसङ्ग जोड्दै उहाँले हाम्रा विश्वविद्यालयहरूले धान, गहुँ, फलफूल, पशु, जडिबुटीको अनुसन्धान गरेर देशलाई कृषिमा आत्मनिर्भर मात्र होइन कृषि उत्पादन निर्यात गरेको र पर्याप्त मात्रामा विदेशी मुद्रा आर्जन गर्नेतर्फ जोड दिनुपर्छ भन्नुभयो ।

सरकारले देशको दीर्घकालीन हितलाई ध्यानमा राखेर अनुसन्धानलाई प्राथमिकता दिनुपर्ने आजको आवश्यकता भएको बताउँदै उहाँले राज्यको ध्यान अनुसन्धानतर्फ केन्द्रित हुनुपर्छ भन्नुभयो ।

आयोजक समितिका संयोजक प्रा.डा. राजु खनालले भक्तपुरमा 'खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधिहरूमा अन्तर्राष्ट्रिय कार्यशाला' आयोजना गर्नुको महत्त्व र उद्देश्यमाथि प्रकाश पार्दै स्थानीय तहबाट सञ्चालित ख्वप इ. कलेजलगायतसँग समन्वय र सहकार्यमा काम गर्न निकै सजिलो भएको बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माकले ख्वप सर्कलले देशको शिक्षा विकासमा खेलेको भूमिका अग्रणी रहेको औँल्याउँदै पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी सञ्चालित ख्वप इ. कलेज पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतका कलेजहरूमध्ये उत्कृष्ट कलेजको रूपमा सञ्चालनमा रहेको बताउनुभयो ।

## हार्दिक समवेदना



जन्म
१९९२/१२/२०

निधन
२०८२/०९/०१

नेपाल मजदुर किसान पार्टी सूर्यविनायक नपा-१, सिरुतार, वडा समितिका अध्यक्ष प्रेमकृष्ण कायष्ठकी ममतामयी आमा **नानीछोरी कायष्ठ**को दु:खद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेपाल मजदुर किसान पार्टी**
सिरुतार, १ वडा समिति, भक्तपुर

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ ।

**संस्थाको ३२[औं] स्थापना दिवस (पुस २९ गते) को अवसरमा हुने कार्यक्रममा सहभागी होऔँ**

**अन्तर विद्यालय/सहकारी हाजिरीजवाफ प्रतियोगिता**
**मिति** : २०८२ पुस ११ र १२ गते
**दर्ता शुल्क** : रु. ३००।- मात्र
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**अन्तिम दर्ता मिति** : २०८२ पुस ९ गते
**टोली सङ्ख्या** : १ टोलीमा ३ जना मात्र
शिक्षा उपसमिति

**सिद्धि गणेश साकोस खुल्ला फिडे रेपिड रेटिङ 2000 मुनि बुद्धिचाल प्रतियोगिता**
**मिति** : २०८२ पुस १८ र १९ गते
**समय** : बिहान १०:०० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**दर्ता शुल्क** : रु. ५००।- प्रतिव्यक्ति
**अन्तिम दर्ता मिति** : २०८२ पुस १६ गते
**सहभागी सङ्ख्या** : बढीमा ८० जना
युवा उपसमिति

**बचत तथा ए.आई. (AI) सम्बन्धी जानकारीमूलक कार्यक्रम**
**मिति** : २०८२ पुस १० गते, बिहीबार
**समय** : बिहान ७:३० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
बचत उपसमिति

**एकहप्ते पुतली (Doll) बनाउने तालिम**
**प्रारम्भ मिति** : २०८२ पुस १४ गते, सोमबार
**समय** : बिहान १०:०० बजेदेखि २:०० बजेसम्म
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**दर्ता शुल्क** : रु. ५००।- मात्र
**दर्ता मिति** : २०८२ पुस १३ गतेभित्र
**सहभागी सङ्ख्या** : बढीमा २० जना
महिला तथा बालबालिका उपसमिति

**संस्थाको परिवर्तित ऋण नीतिसम्बन्धी जानकारी एवं भेटघाट कार्यक्रम**
**मिति** : २०८२ पुस १५ गते, मङ्गलबार
**समय** : बिहान ८:३० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
ऋण उपसमिति

**मुटु रोगसम्बन्धी स्वास्थ्य शिविर तथा नि:शुल्क थाइरोइड परीक्षण**
**मिति** : २०८२ पुस २६ गते, शनिबार
**समय** : बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
स्वास्थ्य उपसमिति

**गतिविधि**





यातु गणेश सेवाकेन्द्र व्यवस्थापन उपसमितिको आयोजनामा सम्पन्न मानसिक रोगसम्बन्धी परामर्श तथा नि:शुल्क सुगर र रक्तचाप परीक्षण कार्यक्रममा मन्तव्य राख्नुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा र कार्यक्रममा सहभागी सदस्यहरू ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

## विज्ञापन व्यवसाय सञ्चालन गर्दा ध्यान दिऔं।

❖विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं।
❖विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।
❖विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं।
❖विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच द्विपक्षीय तथा त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं।
❖सञ्चारमाध्यमबाट जारी बीजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं।
❖सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।

विज्ञापन व्यवसायलाई मर्यादीत तथा पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## युवा उद्यमशीलता प्रवर्द्धन ऋणसम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०८/०९ गते**

आ.व. २०८२/८३ को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका १६ देखि ४५ वर्षसम्मका बेरोजगार एवम् आर्थिक रूपले कमजोर तथा विपन्न युवाहरूलाई उद्यमशील बनाउन भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९ अनुसार युवाहरूलाई पुवा उद्यमशिलता प्रवर्द्धन ऋण प्रदान गर्ने भएकोले युवा उद्यमशिलता प्रवर्द्धन ऋण लिन चाहने नगरवासीहरूले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र देहायका कागजातसहित भक्तपुर नगरपालिकाको प्रशासन शाखामा कार्यालय समयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. तोकिएको ढाँचामा निवेदन ।
२. सम्बन्धित वडा कार्यालयको युवा उद्यमशिलता प्रवर्द्धन ऋणको लागि सिफारिस पत्र ।
३. निवेदकको र अभिभावकको नागरिकताको प्रतिलिपि ।
४. परिवारका सदस्यहरूमध्ये सम्भव भएसम्म दुई जनाको सहमति पत्र ।
५. सम्बन्धित व्यवसायको व्यवसायिक परियोजना प्रस्ताव ।
६. भ.न.पा.मा व्यवसाय दर्ता गरेको प्रमाण पत्र ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा